गण्डकी गाउँपालिका
आ.व. २०७५/०७६ को

# वार्षिक विकास कार्यक्रम





प्रकाशक:

**गण्डकी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
सूचना शाखा, भुम्लीचोक, गोरखा



ले.पा. कालिदाश पाण्डयको बिदाई



पर्यटन पूर्वधार निर्माण



भुम्लिचोकका एक किसान आफ्नो तरकारी बारीमा




स्वाथ्यसंस्था हस्तान्तरण कार्यक्रम




गाउँपालिकाको स्थापनाको अवस्था



कर्मचारी परिवार



पशु सेवा शाखा



तिजगीत प्रतियोगिता गण्डकी-०८



भैरवीचौर (पोखरीटार) पिकनिक स्थल



तिज कार्यक्रम



तेजपत्ता वृक्षारोपण कार्यक्रम



गा.पा. अध्यक्ष होम बहादुर रानाद्धारा सम्मान ग्रहण



त्रिशुली न्याफ्टिङ-पर्यटनको आधार




तेस्रो गाउँसभालाई सम्बोधन गर्नुहुदै गण्डकी प्रदेशका मुख्यमन्त्री पृश्वीसुब्बा गुरूङ्ग




तालिम कार्यक्रम



घ्यल्चोकका महिला उद्यमी




तेस्रो गाउँसभाका सहभागीहरू



अवलोकन भ्रमण कार्यक्रम



शिक्षक सेवा आयोग तयारी कक्षा

# गण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सूचना शाखा, भुम्लीचोक, गोरखा

जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी

च.नं.(Ref. No.):-
प.सं.(Dispatch No.):-

मिति(Date):-

## हाम्रो भनाई

गण्डकी गाउँपालिकाको तेस्रो गाउँसभा यहि मिति २०७५/३/१० गते सम्पन्न गरेका छौं । टोल/वस्ती स्तरवाट संकलन गरिएका योजना तथा कार्यक्रमहरुलाई वडा समिति मार्फत प्राथमिकिकरण गराई गाउँसभाको निर्णयअनुसार सार्वजनिक गरिएको छ । नेपालको संविधान २०७२ ले प्रत्याभुत गरेका स्थानीय तहको जिम्मेवारी भित्रका आर्थिक सामाजिक र पुर्वाधार विकासका योजना कार्यक्रमहरु मार्फत समृद्ध गण्डकी गाउँपालिका निर्माणको कार्यमा हातेमालो गर्न सम्पुर्ण गण्डकी गाउँपालिका बासी दाजुभाई दिदि वहिनीहरुमा हार्दिक अपिल गर्दछु

...............................
होम वहादुर राना मगर
अध्यक्ष

होम बहादुर राना मगर
अध्यक्ष

गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुम्लिचोक, गोरखा
Bhumlichowk, Gorkha
२०७३ (2073)
४ नं प्रदेश, नेपाल
4 No. Province, Nepal

च.नं.(Ref. No.):-
प.सं.(Dispatch No.):-
मिति(Date):-

# हाम्रो भनाई

गण्डकी गाउँपालिकाको मिति २०७५ असार १० गते बसेको गाउँसभाका निर्णयह यसै पुस्तक मार्फत सार्वजनिक गरेका छौ । स्थानीय तहको जिम्मेवारी भित्र परेका सम्पुर्ण विषयक्षेत्रहरु समेटेर तयार गरिएको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक योजना मार्फत प्राप्त श्रोत साधनको प्रभावकारी परिचालन गरि यस गाउँपालिकाको विकास र समृद्धि तर्फ यो एक कोशे ढुङ्गा सावित हुनेकुरामा हामी विश्वस्त छौ । यो वार्षिक बजेट तथा कार्यक्रमको सफल कार्यन्वयनमा सम्पुर्ण पदाधिकारी कर्मचारी, शिक्षक, समाजसेवी भद्रभलादमी दाजुभाई दिदि विहिनीहरुको सदाभैं निरन्तर सहयोग एवं सल्लाह सुझावको अपेक्षा गरेका छौ । अन्त्यमा यो बार्षिक योजना पुस्तक तयार गर्न सहयोग गर्नुहुने सवैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

..............................
देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

**देवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूची


| विषय | पेज |
|---|---|
| "वन, पर्यटन, कृषि र आर्थिक पूर्वाधार समृद्धि र विकास गण्डकी गाउपालिकाको आधार" | ४ |
| अनुसुचि ६, गाउँपालिका योजनाहरू | १४ |
| अनुसुचि ६, वार्षिक विकास कार्यक्रम, आ.व. २०७५ /७६ | १५ |
| अनुसुचि ६, केन्द्रिय सरकारमा पेश गर्ने योजनाहरू | २४ |
| अनुसुचि ७, गण्डकी प्रदेश सरकारमा पेश गर्ने योजनाहरू | २५ |
| निर्णयहरू | २६ |
| अनुसुचि १ | ३२ |
| अनुसुचि २ | ३३ |
| अनुसुचि ३, गण्डकी गाउँपालिकाको खर्च तर्फ | ३६ |
| अनुसुचि ४, आ.ब.०७५।७६ को लागि तेस्रो गाउसभावाट पारित सेवा शुल्क, कर तथा दस्तुरहरू दररेट | ३९ |
| गण्डकी गाउँपालिका पदाधिकारीहरूको विवरण | ५० |
| गण्डकी गाउँपालिकामा कार्यरत कर्मचारीको विवरण | ५१ |

# गण्डकी गाउँपालिकाका अध्यक्ष श्री होम वहादुर राना मगरद्वारा तेस्रो गाउँ सभामा प्रस्तुत आ.व.२०७५/०७६ को वार्षिक बजेट, नीति तथा कार्यक्रम

## 'वन, पर्यटन, कृषि र आर्थिक पूर्वाधार समृद्धि र विकास गण्डकी गाउपालिकाको आधार'

*यस कार्यक्रमका प्रमुख अतिथि प्रदेश नं. ४ का माननीय मुख्यमन्त्री ज्यू*
*कार्यक्रमका विशिष्ठ अतिथि प्रदेश नं. ४ का भौतिक पुर्वाधार विकास मन्त्री ज्यू*
*कार्यक्रमका विशिष्ठ अतिथि प्रदेश नं. ४ का भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री ज्यू*
*प्रमुख जिल्ला अधिकारी ज्यू*
*जिल्ला स्थीत राजनितिक पार्टीका प्रमुख एवं प्रतिनिधि ज्यूहरु*
*प्रहरी उपरिक्षक ज्यू*
*गण्डकी गाउँपालिका स्तरीय राजनितिक पार्टीका प्रमुख एवं प्रतिनिधि ज्यूहरु*
*गाउँपालिका उपाध्यक्ष*
*वडा अध्यक्ष, कार्यपालिका सदस्य*
*गाउँ सभाका सदस्यहरु*
*विभिन्न संचार मिडियावाट पाल्नुभएका पत्राकार साथीहरु*
*विषयगत शाखाका प्रमुख, अन्य कर्मचारीहरु*
*अन्य आमन्त्रित अतिथि एवं यस कार्यक्रममा पाल्नुभएका सम्पूर्ण भद्र महिला तथा सज्जनबृन्द*

यस गाउँपालिकाको गरिमामय तेस्रो गाउँ सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरि उपस्थित हुनु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि एवं गाउँ सभाका सदस्यहरु लगायत सम्पूर्ण महानुभावहरुमा म मेरो व्यक्तिगत र गण्डकी गाउँपालिकाको तर्फबाट न्यानो अभिवादन तथा हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्वप्रथमत: देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष, जनयुद्ध तथा जनआन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधान २०७२ जारी पच्छात हाम्रो देश संघिय गणतन्त्र नेपालमा रुपान्तरण भएको हामी सवैलाई थाहा भएकै विषय हो । संघिय नेपालमा तिन तहको सरकारहरुको गठन भईसकेको छ । स्थानीय निर्वाचन २०७४ वाट निर्वाचित हामी जनप्रतिनिधिहरुले एक वर्षको समय अवधि व्यतित गरिसकेका छौं । एक वर्षको हाम्रो कार्यकालमा स्थानीय तहलाई सशक्त र प्रभावकारी वनाउन हामिले खेलेको भुमिका हाम्रा सामु छर्लङ्ग छदैछ । भौगोलिक कठिनाई विकासको पूर्वाधारको न्युनताका वाबजुत पनि यस अवधिमा हामीले उल्लेखनिय कार्य गरेका छौं । स्थानीय सरकारको रुपमा विभिन्न ऐन नियम र कार्यविधिको तर्जुमा तथा गाउँपालिकाको संस्थागत विकास गर्ने कार्य यस अवधिको महत्वपूर्ण कार्य हो जस्तो मलाई लाग्दछ । संविधानत हामीलाई प्राप्त अधिकार र जिम्मेवारी पुरा गर्न विभिन्न कठिनाई देखा परेको भएता पनि गण्डकी गाउँपालिकालाई संस्थागत रुपमा खडा गरि विकासका पूर्वाधारको गोरेटो कोर्न हामी सफल भएका छौं ।

## प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, एंव सभासद ज्यूहरु

आजको यस समारोहमा गण्डकी गाउँपालिकाको तर्फबाट आथिक वर्ष २०७५/०७६ को वार्षिक नीति, कार्यक्रम एवं बजेट प्रस्तुत गर्न पाउंदा आफूलाई गौरवान्वित महशुस गरेको छु। हाम्रा विकासका प्रयासहरुमा सधैं साथ र सहयोग प्रदान गर्नुहुने गण्डकी गाउँपालिकाका प्रतिनिधी ज्यूहरु लगायत सम्पूर्ण गाउँबासी तथा आदरणीय दाजुभाइ दिदीबहिनीहरु, गण्डकी गाउँपालिकामा क्रियाशील राजनैतिक दलहरु तथा सरकारी तथा गैर सरकारी कार्यालय एवं संघ-संस्थाहरु प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु। हाम्रा विकास साझेदारहरुका तर्फबाट विकास आयोजनाहरु तर्जुमा, कार्यान्वयन र अनुगमनको सिलसिलामा प्राप्त उच्चस्तरको परामर्श र सहयोग प्रति विशेष आभार प्रकट गर्दै भविष्यमा पनि यस्तै रचनात्मक सहयोग, सल्लाह एवं समन्वय प्राप्त हुने विश्वास समेत लिएको छु।

कठिन भौगोलिक अवस्थिती, न्यून आन्तरिक स्रोत परिचालन क्षमता, गाउँपालिका प्रतिको बढ्दो नागरिक अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरुको कमी, विनाशकारी महाभूकम्पले सिर्जित भौतिक क्षति तथा मानसीक आघातका बीचबाट माथि उठ्दै उपलब्ध स्रोतसाधनलाई कुशलतापूर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहदा रहदै पनि गाउँपालिका प्रतिको गाउँवासीहरुको सद्भाव, विकास र समृद्धि प्रतिको गाउँपालिका वासीहरुको उत्कृष्ट चाहनाको परिणाम स्वरुप गाउँवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन आउने कुरामा म पूर्ण विश्वस्त छु।

प्रस्तुत बजेट, नीति तथा कार्यक्रम २०७२ सालमा जारी भएको नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, चौधौं त्रिवर्षीय योजना, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझावहरु र सिकाईहरुका आधारमा आगामी आ.व. को लागि प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ। यस बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्ने विश्वास समेत लिएको छु।

आयोजना तर्जुमाका बखत सकेसम्म सवै क्षेत्र, वर्ग, लिङ्ग र समुदायको सहभागिता रहन सकोस् भन्ने तर्फ ध्यान पुऱ्याएका छौं। यद्यपि सीमित श्रोत र साधनहरुबाट हाम्रा असीमित आवश्यकता परिपूर्ति गर्न नसक्ने यथार्थता हाम्रो सामु रहेकोमा उपलब्ध श्रोत साधनको उच्चतम उपयोग गर्ने तर्फ विशेष ध्यान दिइएको छ। यसका लागि स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय जनताको विकास प्रतिको चाहानालाई प्राथमिकता दिन प्राप्त बजेट शिलिङलाई वडा भेलाबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई हु-बहु कार्यान्वयन गर्ने प्रयासको थालनी गरिएको छ।

## उपस्थित श्रद्धेय महानुभावहरु,

अव म आगामी आ.व. को वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि संक्षिप्त रुपमा गत आर्थिक वर्षको यथार्थ प्रगति विवरण र चालु आर्थिक वर्षको संशोधित विवरण प्रस्तुत गर्न चाहन्छु।

गत आर्थिक वर्ष ०७३/०७४ मा विभिन्न शिर्षकमा गरि रु ४ करोड ६२ लाख ५६ हजार ३ सय २८ रुपैया ७९ पैसा आय भई चालु तर्फ सामाजिक सुरक्षा अनुदान सहित र पूजीगत गरि कुल जम्मा रु. ४ करोड १० लाख ३७ हजार ६ सय १ रुपैया २९ पैसा व्यय भई रु. ५२ लाख १८ हजार ७ सय २७ रुपैया ५० पैसा मौज्दात रहको छ।

त्यसै गरि चालु आर्थिक वर्ष ०७४/०७५ मा रु. ३३ करोड ८९ लाख २१ हजार कुल आयव्यय अनुमान गरिएकोमा आन्तरिक श्रोत तर्फ अनुमान भन्दा आय केहि कम हुने देखिएको हुदा कुल रु. ३३ करोड १६ लाख २४ हजार संसोधित आयव्यय अनुमान प्रस्ताव गरिएको छ। गत आ.व. मा कुल पूजीगत खर्च मध्ये गाउँपालिका

स्तर १९ वटा र वडा स्तरिय कार्यक्रम ३२२ वटा गरि कुल ३४१ वटा आयोजना स्वीकृत गरिएकोमा अधिकांश योजना सम्पन्न भई फरफारक तथा भुक्तानी समेत भएको छ ।

## उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु,

*अव म गत आ.व. ०७४/७५ मा संचालन गरिएका प्रमुख कार्यक्रमहरुको उपलब्धिका बारेमा जानकारी गराउन चाहन्छु ।*

- २०७३ फागुन २७ गाउँपालिका घोषण
- २०७३ चैत्र गाउँपालिका कार्यालय स्थापना
- २०७४ वैशाख ३१ स्थानीय तहको निर्वाचन
- २०७४ जेष्ठ ८ गते निर्वाचित पदाधिकारीहरुको पद वहाली
- २०७४ असार ११ गते पहिलो गाउँ कार्यपालिका वैठक सम्पन्न
- २०७४ असार २५ गते पहिलो गाउँ सभा सम्पन्न
- २०७४ कार्तिक ३० गते दोश्रो गाउँ सभा सम्पन्न
- हाल सम्म २१ वटा कार्यपालिका वैठक वसी विभिन्न किसिमका १७० वटा निर्णयहरु भएको
- दोस्रो गाउँसभा २०७४ कात्तिक ३० गते वसी विभिन्न विषयमा छलफल भएको
- यस अवधिमा विभिन्न विषयका ७ वटा ऐन, ३ वटा नियमावली र १५ वटा विभिन्न कार्यविधि तथा निर्देशिका जारी भएको
- प्रथम गाउँसभावाट कुल ३३,८९,२१,०००।- को वजेट विनियोजन भएकोमा हाल कार्यान्वयनको अन्तिम चरणमा रहेको
- गाउँपालिका केन्द्र जोड्ने सडकहरु स्तरोन्नती गर्नुका साथै गाउँपालिका तथा वडा नं. ६ को वडा कार्यालयको मर्मत तथा वडा नं. ७ को नया वडा कार्यालय भवनको कार्य सुरु भएको
- गाउँपालिका तथा वडा गत वजेट सिलिङवाट विभिन्न स्थानमा ट्र्याक जोड्ने सडक स्तरोन्नती गर्ने विजुली पोल परिवर्तन गरि विजुली सुचारु गर्ने पर्यटकिय पूर्वाधारको निर्माण विभिन्न खानेपानी तथा सिचाइका आयोजनाहरु तथा महिला वालवालिका, दलित, आदिवासी, जनजाती, विपन्न वर्ग लगायतको क्षेत्रको विकास भइरहेको
- स्थानीय तहमा निक्षेपीत कार्यालयहरु स्वास्थ्य, आयुर्वेद, कृषि विकास, पशु सेवा, महिला तथा वालवालिका र शिक्षाका शाखाहरु खोली गाउँपालिकावाट तत सम्वन्धि कार्यहरु गरिएको ।

## उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु,

**अव म आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रमको उद्देश्यहरूका बारेमा प्रकाश पार्न चाहन्छु ।**

१. बाह्रै महिना चल्ने गरी सडकको स्तरोन्नती एवं अन्य भौतिक पूर्वाधारको द्रुत विकासमा विशेष जोड दिने ।
२. गण्डकी गाउँपालिकाको पहिचान झल्किने गरी पर्यटकिय सम्भावनाको विकास गर्ने ।
३. नागरिकको आर्थिक एवं सामाजिक जीवनस्तरमा परिवर्तन ल्याउन रोजगारी अभिवृद्धि हुने क्षेत्रलाई उच्च प्राथमिकता दिने ।
४. महिला, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाती, मुस्लिम, अपाङ्गता भएका वर्गको उत्थान र विकासमा जोड दिने ।
५. सामाजिक परिचालनद्वारा गरिवी न्यूनीकरणमा सहयोग पुर्‍याउने ।
६. भूकम्प पुनःनिर्माण कार्यलाई तिव्रता दिने ।

## उपस्थित सम्पूर्ण आदरर्णीय महानुभावहरु,

अब म आगामि आर्थिक वर्ष ०७५/७६ का लागि गण्डकी गाउँपालिका र सरोकारवाला सरकारी/गैर सरकारी संघ-संस्थाहरु, उपभोक्ता समिति बीचको समन्वय र सहकार्यमा सञ्चालन हुने मुख्य-मुख्य क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास तर्फ

१. गाउँपालिका भित्रका बजार क्षेत्र तथा बजार उन्मुख टोल वस्तीहरुका सडकहरुमा वैकल्पिक उर्जा मार्फत "उज्यालो सडक" कार्यक्रम तर्जुमा एंव कार्यान्वयन गरिनेछ ।
२. गाउँपालिका क्षेत्रभित्रका खेतियोग्य जग्गाहरु बाँझो राख्न नपाईने नीति अवलम्वन गरिनेछ । परम्परागत खेति प्रणालीलाई प्रतिस्थापन गरि उत्पादनमा विविधिकरण मार्फत कृषिलाई आधुनिकिकरण गरिनेछ ।
३. आगमी आ.व. मा गण्डकी गाउँपालिकाको केन्द्रमा वैक स्थापना गरि आर्थिक गतिविधिलाई प्रोत्साहन गरिनेछ ।
४. गरिवी निवारण कोष मार्फत आनुदान प्राप्त समुहहरुको कोषको विश्लेषण गरी समुहको क्षमता अभिवुद्धि गर्दै युवा स्वरोजगार कोषहरुवाट सञ्चालीत अनुदान कार्यक्रमहरु समन्वयत्मक रुपमा सञ्चालन गरिनेछ ।
५. स्थानीय सिपलाई आधुनिकिकरण र व्यवसायीकरण गर्न स्थानीय सिपमा आधारित र श्रम मुलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरु संचालन गरिनेछ ।
६. एक वडा एक उत्पादन कार्यक्रम अन्तरगत वडा नं. १, ६, ७ र ८ मा तरकारी उत्पादन तथा मत्स्य पालन कार्यक्रम, वडा नं. ३, ४ र ५ मा पशुपंक्षी पालन, वडा नं. २, ५, ६, ७ र ८ मा पशुपालन कार्यक्रम र फलफूल उत्पादन पकेट क्षेत्रको व्यवस्था गरि कृषिको आधुनिकिकरण र वजारीकरण गरिनेछ ।
७. गण्डकी गाउँपालिका वडा नं.६ भैरवीडाडा, वडा नं. २ महादेवडाडामा पर्यटकिय पूर्वाधार निर्माण गरि पर्यटन मार्फत आर्थिक समृद्धि गरिनेछ ।

## सामाजिक विकास तर्फ

१. दलित, अति विपन्न, एकल महिला, चेपाङ, सिमान्तकृत र वृद्धवृद्धा घरमुली रहेको एक हजार घरपरिवारलाई धुवाँ रहित चुलो निर्माणको तालिम दिईनेछ ।
२. गण्डकी गाउँपालिका अन्तरगतका विद्यालयहरुमा आवश्यक शिक्षक दरवन्दी नरहेकोले शिक्षाको गुणस्तर सन्तोषजनक नरहेको तथा विद्यालय चलाउन असहज अवस्था सिर्जना भएको व्यापक जन गुनासो आएकोले कुन विद्यालयमा कुन तहको कस्तो दरवन्दी कति संख्यामा निर्धाराण गर्नुपर्ने हो, सो अध्ययन गरि प्रतिवेदन पेश गर्न एक समितिको निर्माण गरिनेछ । सो समितिको सिफारिसका आधारमा निजि स्रोतका शिक्षकका दरवन्दी गाउँपालिकाले निर्धारण गर्नेछ ।
३. तत्काल विद्यालय चलाउन गाउँपालिकाको स्रोतका आधारमा विद्यालयहरुलाई प्राप्त विद्यार्थी संख्या तथा प्राप्त नतिजाका आधारमा संस्थागत अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
४. उपभोक्ताको अधिकार र हितलाई सम्मान गर्दै वजार अनुगमन तथा गुणस्तर परिक्षण मार्फत सुरक्षित उपभोगलाई सुनिश्चित गर्न पहल गरिनेछ ।
५. वर्थिङ सेन्टर, स्वास्थ्य सेवा केन्द्रमा सुत्केरी गराए वापत प्रति सुत्केरी नेपाल सरकारले दिने सुत्केरी प्रोत्सहन कार्यक्रममा गाउँपालिकाले थप गरि प्रति सुत्केरी रु ७०००।- प्रोत्साहन भत्ता दिईनेछ ।
६. गण्डकी गाउँपालिका क्षेत्रभित्र कार्यरत महिला स्वयम्सेवीकालाई प्रोत्साहन स्वरुप वडा समिति मार्फत वार्षिक रु. १२०००।- दिईने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## महिला विकास तर्फ

८. विभिन्न लक्षित कार्यक्रमहरु संचालन गरी महिलाहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्न विशेष जोड दिइनेछ ।
९. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा महिलाको सहभागितालाई सुनिश्चित गरिनेछ। महिलाको नेतृत्वमा गठन हुने उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ ।
१०. महिलाहरुका लागि समन्वयात्मक रुपमा रोजगारी तथा स्वरोजगारी सृजनाका लागि आयमूलक, सीपमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
११. महिला विकासका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुको सुदृढीकरण र क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
१२. जिल्ला जनस्वास्थ्य कार्यालय संगको समन्वय र सहकार्यमा महिलाहरुको प्रजनन् स्वास्थ्य सुरक्षाको लागि बर्थिङ सेन्टर निर्माण तथा त्यसको स्तरोन्नतीलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।
१३. महिला विकास शाखा मार्फत महिला विकास कार्यक्रमहरुको समन्वयात्मक रुपमा संचालनको व्यवस्था मिलाईनेछ ।

## बालबालिका विकास तर्फ

१. बालबालिकाहरुको सुरक्षा सहभागिता र बाल अधिकारको संरक्षणको लागि गाउँ बाल संरक्षण समिति मार्फत विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
२. बालक्लब गठन तथा गाउँ बाल संजालको क्षमता अभिबृद्धि गरी योजना तर्जुमामा बालबालिकाको सहभागिता अभिबृद्धि गरिनेछ ।
३. विभिन्न किसिमले अपाङ्गता भएका बालबालिका तथा भूकम्प पीडित बालबालिकाहरुको क्षमता विकास तथा सिकाइमा टेवा पुऱ्याउन आवश्यक सहयोग सामाग्री वितरणको व्यवस्था मिलाइनेछ ।
४. बालबालिकाको शिक्षामा सुलभ पंहुच र शिक्षाको गुणस्तरमा अभिबृद्धिका लागि विद्यालयको भौतिक पूर्वाधार सुधार लगायत विपन्न, दलित जेहेन्दार विद्यार्थीका लागि शैक्षिक तथा खेलकूद सामाग्री तथा छात्रवृत्ति वितरण गरिनेछ ।

**ज्येष्ठ नागरिक, आदिवासी जनजाति, दलित, मुस्लिम, भिन्न क्षमता भएका व्यक्ति, एकल महिला, चेपाङ, सिमान्तकृत तथा पिछडीएका वर्ग तर्फ**

१. ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा भत्ता प्रदान, जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२. आदिवासी/जनजाति, मुस्लिम, सिमान्तकृत चेपाङ समुदायको भाषा, कला, संस्कृति, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। साथै लक्षित कार्यक्रमको माध्यमबाट उनीहरुको आर्थिक, सामाजिक विकासमा विशेष ध्यान दिइनेछ ।
३. दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायीकरण गर्नको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । परम्परागत आरनलाई विस्थापित गरि सुधारिएको आरन वितरण गरिनेछ ।
४. भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, बीउ पूंजी सहितका आयमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ।

## स्वास्थ्य/आयुर्वेद /जनसंख्या/शिक्षा तर्फ

१. स्वास्थ्य क्षेत्रलाई अत्यावश्यक र आधारभूत क्षेत्रको रुपमा विकास गरी स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा स्थापित गर्न स्वास्थ्यको पहुंच सर्वसाधरणमा सहज रुपमा पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।
२. सामुदायिक स्वास्थ्य ईकाइको स्थापना, संचालन र भौतिक पूर्वाधारमा ध्यान दिइनेछ । गत आ.व.मा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाइको भौतिक सुधार गर्दै यस आ.व.मा थप ५ स्थानमा सामुदायिक इकाइ थप गरिनेछ ।
३. स्वास्थ्य तथा उपस्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार विकास तथा स्तरवृद्धि गर्दै स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सेवालाई समयानुकूल गुणस्तरीय बनाउन पहल गरिनेछ ।
४. शिक्षा क्षेत्रको विकासको लागि विद्यालयको भौतिक पूर्वाधार सुधार, खानेपानी, फर्निचर लगायत विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि पोशाक, शैक्षिक तथा खेलकूद सामाग्री वितरणको कार्यक्रम सञ्चालन गरिनेछ।
५. गाउँपालिकाको बेरोजगारी दर कम गर्न बाख्रापालन, मौरीपालन लगायतका कृषि कार्यक्रमलाई व्यबसायिक रुपमा विकास गर्दै पर्यटन क्षेत्रको विकासलाई समेत टेवा पुऱ्याउने उदेश्यले आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
६. यस गाउँपालिकाको वडा नं. ४ र ७ मा स्वास्थ्य चौकी नभएको हुदा ती वडाहरुमा दरवन्दी र पूर्वाधार सहितको स्वास्थ्य चौकी स्थापना गर्न नेपाल सरकार समक्ष आग्रह गरिनेछ ।
७. निरन्तर शिक्षाका माध्यमवाट विद्यालय वाहिर रहेका व्यक्तिहरुलाई साक्षर वनाउदै साक्षार गाउँपालिका वनाउने नीति लिईनेछ ।
८. गण्डकी गाउँपालिका कार्यक्षेत्र भित्र रहेका घ्याल्चोक, दर्वुङ र फुजेल आयुर्वेद केन्द्रहरुको संस्थागत विकास गरि त्यहावाट प्रवाह हुने सेवा सुविधालाई प्रभावकारी वनाईनेछ ।
९. स्थानीय स्तरमा उपलव्ध जडिवुटिहरुको पहिचान तथा उपलव्ध जडिवुटिवाट उत्पादन गरि रोजगारी सिर्जना तथा आर्थिक विकासमा टेवा पुऱ्याउने कार्यक्रममा गरिनेछ ।

## गैर सरकारी संस्था/उपभोक्ता समिति तर्फ

१. गाउँ विकासका साझेदारको रुपमा गैरसरकारी संस्थाहरुलाई लक्षित वर्ग सम्म पुग्ने गरी कार्यकम संचालन गर्न प्रोत्साहित गरिनेछ ।
२. गाउँक्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ ।
३. आयोजना सचांलन सम्बन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।
४. समयमै र गुणस्तरीय रुपमा योजना सम्पन्न गर्ने उपभोक्ता समितिहरुलाई प्रोत्साहन गर्ने नीति लिईने छ ।

## युवा तथा खेलकुद तर्फ

१. युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्य र साझेदारीमा गाउँस्तरिय आवश्यकता अनुसार खेलकुद सामाग्री वितरण, प्रशिक्षण तथा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी खेलकुद क्षेत्रको विकासमा थप टेवा पुऱ्याउने नीति लिइनेछ ।
३. एक वडा एक खेलकुद मैदानको नीति लिईनेछ ।

## संस्कृति तथा पर्यटन तर्फ

१. पर्यटन क्षेत्रको पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धनका लागि ठोस कार्यक्रम तथा योजनाहरु पहिचान गरी कार्यन्वयनमा ल्याइनेछ ।
२. विभिन्न जातजातिहरुको धर्म, संस्कृति भाषा, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरी गाउँक्षेत्रको ऐतिहासिक, मौलिक परिचयलाई मजबुत बनाइनेछ ।
३. पर्यटकिय सम्भावना भएका गाउँक्षेत्रका ऐतिहासिक तथा पुरातात्वीक स्थानहरुको पहिचान र विकासमा जोड दिइनेछ ।
४. पर्यटकिय संभावना वोकेका गण्डकी २ स्थित महादेवडाडा, बडा नं. ६ स्थित भैरवी लगायत अन्य स्थानको पूर्वाधार विकासमा लगानी गरिनेछ ।

## कृषि विकास तर्फ

१. गरिबी न्यूनीकरण माध्यमको रुपमा पशुपालन, मौरी पालन, तरकारी खेती तथा फलफूल उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
२. कृषिको व्यवसायीकरण तथा बजारीकरणमा सहयोग पुऱ्याउन कृषि सहकारी संस्थाहरु संगको सहकार्यमा विभिन्न कार्य संचालन गरिनेछ ।
३. गाउँपालिका क्षेत्रको सम्भावित स्थानहरुमा व्यवसायीक पशुपालन कार्यक्रमलाई नीजि तथा सहकारी संस्थाको साझेदारीमा अगाडी बढाईनेछ ।
४. एक घर एक धारा/एक भकारो सुधार/एक प्लाष्टिक पोखरी प्रवर्द्धनको नीति लिईनेछ ।
५. वढ्दो विषादीको प्रयोगलाई नियन्त्रण गर्न प्राङ्गारीक उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

## वन, वातावरण तथा भू-संरक्षणं तर्फ

१. विकास योजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
२. गाउँपालिका क्षेत्रको वातावरण व्यवस्थापनको लागि स्थानीय स्तरमा जनचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै वातावरण संरक्षणमा स्थानीय जनताको सहभागितालाई सुनिश्चित गरिनेछ ।
३. गाउँपालिका स्तरका हरेक कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा वातावरण मैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ ।
४. सामुदायिक वन उपभोक्ता समितिहरुसंगको सहकार्यमा बृक्षारोपण तथा वन संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## सडक तर्फ

१. गाउँपालिका क्षेत्रमा प्राथमिकतामा परी विगतदेखि नै क्रमागत रुपमा सञ्चालन भइरहेका सडक आयोजनाहरुको मर्मत सम्भार तथा थप स्तरोन्नति गर्न बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
२. सञ्चालनमा रहेका सडक आयोजनाहरुको लागि नियमित मर्मत सम्भार गर्न मर्मत सम्भार कोष विनियमावली बमोजिम निश्चित प्रतिशत रकम कोषमा राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
३. गाउँपालिका क्षेत्रका नयाँ ट्र्याक खोल्ने कार्यलाइ यस आ.व.मा सम्पन्न गरि थप सडकहरुको स्तरोन्नती

कार्यमा लगानी गरिनेछ ।

४. यसै आ.व. भित्र गाउपालिकाको सडक यातायात गुरुयोजना तर्जुमा गरि सोही योजना अनुसार सडक स्तरोन्नती गर्दै जाने नीति लिइनेछ ।

५. संघ तथा प्रदेश सरकारसंगको सह लगानीका आधारमा समपुरक कोष मार्फत ठूला सडक तथा पुल निर्माणको योजना अगाडी बढाइनेछ ।

## खानेपानी तथा सरसफाई तर्फ

१. गाउँपालिका क्षेत्रका आम नागरिकहरुलाई स्वच्छ खानेपानी उपलब्धताको लागि निर्माणाधीन खानेपानी आयोजना सम्पन्न गरिनेछ । साथै सञ्चालनमा रहेका आयोजनाको नियमित मर्मत सम्भारमा विशेष जोड दिइनेछ ।

२. नगरउन्मुख तथा बजार क्षेत्रको फोहोरको दीर्घकालीन व्यवस्थापनका लागि उपयुक्त (Landfield Site) पहिचान तथा निर्माणको कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

## भूमी तथा जलश्रोत तर्फ

१. गण्डकी गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति तथा सरकारी जग्गाहरुमा रहेको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरु गाउँपालिकाको मातहतमा ल्याउने प्रक्रिया अघि वढाउन तथा सार्वजनिक, पर्ति तथा सरकारी जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

२. यसै आर्थिक वर्षदेखि गाउँपालिकाको मुख्य गाउँक्षेत्रमा सडक बत्ति व्यवस्थापन गर्न सौर्य एवं विद्युत प्रविधि प्रयोग गरी सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. सिचाइ सुविधा कम भएका कृषिक्षेत्रहरुमा डिप बोरिङ तथा लिफ्टिङ सिचाइ आयोजनाहरु संचालन गर्न प्राथमिकता दिइनेछ ।

## प्रकोप व्यवस्थापन तर्फ

१. प्राकृतिक प्रकोप व्यवस्थापनका लागि प्रकोप सम्बन्धी सूचना प्रवाह तथा सचेतनामूलक कार्यक्रमहरु लगायत प्रकोप क्षेत्रमा समयमै राहत उद्धारका कार्यक्रम सञ्चालन गरी स्थानीय सुरक्षालाई मजवुत बनाउने कार्यमा प्रभावकारी कदम चालिनेछ । यसका लागि स्थानीय दैवी प्रकोप उद्वार कोषमा आवश्यक रकमको व्यवस्था गरिनेछ ।

## संगठन तथा सुशासन तर्फ

१. स्थानीय निकायका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकतानुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२. विद्यमान सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाइ अझ बढी व्यवस्थित र सुलभ बनाइनेछ । भत्ता प्राप्त गर्ने नागरिकहरुको नामावली गाउँपालिकाको वेवसाइटमा राख्ने व्यवस्था समेत मिलाइनेछ ।

३. स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. उच्चस्तरको कार्यसम्पादन रहेका कर्मचारीलाई प्रोत्साहनका लागि नगद पुरस्कार तथा सम्मानको व्यबस्थालाई निरन्तरता दिइनेछ ।

५. सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई ब्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ।
६. गाउँपालिका क्षेत्रको दीगो तथा ब्यबस्थित विकासको लागि २० वर्षे गाउँ विकास गुरुयोजना तथा ५ वर्षे आबधिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

## भुकम्प प्रभावित पुनः निर्माण कार्यक्रम तर्फ

१. लाभग्राहीहरुको सम्झौता तथा किस्ता निकासा प्रकृयालाई थप व्यवस्थित बनाईनेछ।
२. नक्सा पास प्रकृयालाई सरलीकृत गरी छरितो प्रकृया अबलम्बन गरिनेछ।
३. राष्ट्रिय पुन निर्माण प्राधिकरणबाट स्वीकृत नक्सा डिजाइन बमोजिमका घर निर्माण गर्ने लाभग्राहीलाई नक्सा पास दस्तुरमा छुट दिने नीतिलाइ निरन्तरता दिइनेछ।
४. प्राविधिकहरुको परिचालन र प्राविधिक सल्लाह सुझावलाई व्यवस्थित बनाउन जिल्ला आयोजना कार्यन्वयन इकाई संग सहकार्य गरिनेछ।
५. गाउँपालिका क्षेत्र भित्र निर्माण हुने स्थायी घर संरचनालाई भुकम्प प्रतिरोधी बनाउनको लागि नेपाल सरकारबाट स्वीकृत ऐन, नियम, कार्यविधि तथा मापदण्डको कडाइका साथ पालना गराइनेछ।
६. गाउँपालिकाको स्वीकृति नलिई आफूखुसी घर बनाउने कार्यलाई निरुत्साहित गर्न गाउँपालिका क्षेत्रको ब्यापक अनुगमन गरिनेछ। नक्सा पास नगराई बनेका घर संरचनालाई गाउँपालिकाबाट कुनै पनि किसिमको क्षतिपूर्तिको ब्यबस्था नगरी कुनै पनि समयमा भत्काउन सकिनेछ।
७. गाउँपालिका क्षेत्र भित्रका घर जग्गाहरुमा रहेका बाटोको लगत कट्टा गर्ने प्रक्रियालाई द्रुत गतिमा अघि बढाइनेछ।

## आन्तरिक स्रोत परिचालन तर्फ

क) एकीकृत सम्पत्ती कर, विज्ञापन कर, ब्यबसाय कर, घर बहालकरलाई ब्यबस्थित रुपमा संकलन गर्न गाउँपालिका भित्रका विद्यालयहरुसग साझेदारी तथा सहकार्य गरी करदाता शिक्षा तथा करदाता लगत तथा सूचना संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ।
ख) करको दर परिमार्जन सहित करका दायराहरु फराकिलो पार्न नया स्रोतहरुको पहिचान गरिनेछ ।
ग) गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ।
घ ) समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसलास्वरुप निश्चित प्रतिशत छुट दिने तथा समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
ङ) गाउँपालिकाको प्रमुख आयस्रोत एकीकृत सम्पत्ती करलाई व्यवस्थित गरि ब्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ।

## सम्पूर्ण श्रद्धेय महानुभावहरु,

**अब म आगामि आर्थिक वर्ष ०७५/७६ को अनुमानित आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु।**

माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आगामि आर्थिक वर्ष ०७५/७६ मा कूल ४२ करोड ९५ लाख ८९ हजार ३८३ को वार्षिक बजेट तथा कार्यक्रम यस गरीमामय सभाको समक्ष पेश गरेकोछु। उक्त कूल वजेटको चालू तथा पूजीगत वांडफांड निम्न बमोजिम रहेको छ।

| क्र.सं. | निकाय | चालु | पूँजीगत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | २६,२०,६९००० | १६,७५,२०३८३ | ४२,९५,८९३८३ | |

जसमा आगामी आ.व २०७५/०७६ को लागि पूंजिगत तर्फ रु, १६ करोड ७५ लाख २० हजार ३८३ अनुमान गरिएको छ भने चालु तर्फ सामाजिक सुरक्षा अनुदान सहित रु. २६ करोड २० लाख ६९ हजार अनुमान गरिएको छ। यो बजेटमा पूजिगत बजेटको अंश ३८.९९ प्रतिशत र चालु बजेटको अंश ६१.०१ प्रतिशत (सामाजिक सुरक्षा सहित) रहेको छ। जसमा कुल आन्तरिक श्रोत तर्फ रु. १ करोड ४८ लाख ७५ हजार (३.४६ प्रतिशत) र वाह्य श्रोत तर्फ रु. ४१ करोड ४७ लाख १४ हजार ३८३ (९६.५४ प्रतिशत) अनुमान रहेको छ।

## श्रद्धेय सम्पूर्ण महानुभावहरु,

यस तेश्रो गाउँसभा समारोहका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू एवं अतिथिज्यूहरुबाट प्राप्त हुने सुझावहरुलाई विकास कार्यक्रम सञ्चालनमा मार्गदर्शनको रुपमा समावेश गरिने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। यसै गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा प्रत्यक्ष/अप्रत्यक्ष सल्लाह, सुझाव र सहयोग पुऱ्याउनु हुने जिल्ला एवं गाउस्थित क्रियाशील राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, जिल्ला समन्वय समिति, कार्यालय प्रमुखज्यूहरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरु, गैर सरकारी संस्थाहरु, उद्योग वाणिज्य संघ एवं निजी क्षेत्र, वडा समितिहरु, गण्डकी गाउपालिका कार्यालय कर्मचारी परिवार एवं सम्पूर्ण आदरर्णीय महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आगामी आ.व. २०७५।७६ को वार्षिक कार्यक्रम समयमै सञ्चालन गरी नतिजामुखी परिणाम हासिल गर्न सबैको महत्वपूर्ण सहयोग रहने मेरो अपेक्षा र विश्वास रहेको छ । अन्त्यमा, आफ्नो कार्य व्यस्तताको बाबजुद पनि हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी उपस्थित हुनु भएका श्रद्धेय प्रमुख अतिथि ज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। त्यसैगरि यस कार्यक्रममा पाल्नुहुने विशिष्ट अतिथिज्यूहरु तथा अतिथिज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुप्रति पुनः हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

धन्यवाद,

**होम बहादुर राना मगर**
**अध्यक्ष**

# अनुसुचि ६
## गाउँपालिका योजनाहरू

| क्र.सं. | कार्यक्रम आयोजनाको नाम | कार्यान्वयने स्थान | लक्ष्य | विनियोजन रू | आ. स्रोत | ने.सरकार |
|---|---|---|---|---|---|---|
| १ | आईडाडा दलभन्ज्यङ रानीश्वरा कौदि पौवा पुन्य गाउँ हटिया भालडाडा कुवापानी हुदै वतासे भन्ज्यङ | गण्डकी गा.पा २,३,४ र ५ | | ९९०००००.०० | | |
| २ | गाउँपालिका गैरी गाउँ हुदै दलभन्ज्यङ मोटर वाटो/गा.पा कुलछाप डाडा गाउँ स्वारा सडक | गा.पा वडा नं. ६,२ र १ | | ३००००००.०० | | |
| ३ | भन्ज्यङ चिप्लेटि मोटर वाटो निरन्तरता | गा.पा वडा नं. ६ | | १५०००००.०० | | |
| ४ | आपचउर वालकी मोटर वाटो निरन्तरता | गा.पा वडा नं. ६ | | १५०००००.०० | | |
| ५ | ज्यमिरेघाट आपचउर भुम्लिचोक सडक | गा.पा वडा नं. ६, ७ | | २७०००००.०० | | |
| ६ | सिउरनिटार देखि फुजेल भैसेगौडा सम्म सडक मर्मत | गा.पा वडा नं. ८, ५, ३ र ४ | | १५०००००.०० | | |
| ७ | रामपुर, वेनिगाउँ कोटगाउ, भैरवी सडक | गा.पा वडा नं. ५, ८, ७ र ६ | | ११०००००.०० | | |
| ८ | दर्वुङ फेदिटार देखि भगवति मा.वि. वाटो ग्रावेल | गा.पा वडा नं. ५ | | २००००००.०० | | |
| ९ | कुवापानी फुलडाडा गहुवारी मकैसिङ हुदै वुट्टार सडक निर्माण/मर्मत | गा.पा वडा नं. २ र १ | | ६०००००.०० | | |
| १० | घ्याल्चोक, रोटेपिङ, तेस्रे कोटगाउँ सडक | गा.पा वडा नं. ८, | | ३६०००००.०० | | |
| ११ | सिउरेनिटार तोरिश्वरा वेनिगाउँ मोटर वाटो निरन्तरता | गा.पा वडा नं. ८, | | २००००००.०० | | |
| १२ | रानिश्वरा चोक हुदै उखुवारी पुरानो गाउ फुजेल भैरवी भालडाडा सडक मर्मत | गा.पा वडा नं. २, ३, ४ र ५ | | ५०००००.०० | | |
| १३ | ढावे गैरीचौतरा आमडाडा याङ्दी वतासे भन्ज्यङ सडक | | | १८०००००.०० | | |
| १४ | सानो दर्वुङ लाङ्घाली चोक सडक | | | ३०००००.०० | | |
| १५ | आमडाडा चमति फुजेल खोला मोटर वाटो | गा.पा वडा नं. ३ | | ५०००००.०० | | |
| | स्वास्थ्य तर्फ | | | | | |
| १६ | सुत्केरी महिला प्रोत्साहन भत्ता | गा.पा वडा नं. १ देखि ८ | | ७०००००.०० | | |
| १७ | स्वास्थ्य ईकाइ फुजेल ४ गैरि चौतारा, फुजेल ३ भालडाडा मकैसिङ १ कोलडाडा, भम्लिचोक ६ वालकी र ताङलिचोक २ कुवापानी | गा.पा वडा नं. १, २, ३, ४ र ६ | | १००००००.०० | | |
| | पर्यटन तर्फ | | | | | |
| १८ | गण्डकी गाउँपालिका वडा नं. ६ भम्लिचोक भैरवी चउर पर्यटन पुर्वधार कार्यक्रम | गा.पा वडा नं. ६ | | १५०००००.०० | | |
| १९ | भैरवि मन्दिर तथा कम्पाउन्ड निर्माण | गा.पा वडा नं. ६ | | १००००००.०० | | |
| २० | ताङिलचोक महादेव डाडा वौद्ध स्तुपा निर्माण | गा.पा वडा नं. २ | | १५०००००.०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | प्यारागालाइडिङ उडान ठाउ निर्माण भुम्लिचो भैरवी थाल डाडा र ओखलडाडा नया चौतारा | गा.पा वडा नं. ६ | | ४०००००.०० | | |
| २२ | गाउँपालिका डकुमेन्ट्री निर्माण | | | ३०००००.०० | | |
| | कृषि तथा भेननरी तर्फ | | | | | |
| २३ | एक वडा दुई प्राविधिक गाउँपालिका दुई सहित | गा.पा वडा नं. १ देखि ८ | | ३५०००००.०० | | |
| | चेपाङ लक्षित कार्यक्रम तर्फ | | | ०.०० | | |
| २४ | चेपाङ भाषा पढाई भुम्लिचोक थुम्का प्रा.वि. | गा.पा वडा नं. ६ | | २०००००.०० | | |
| २५ | चेपाङ संग्रालय निर्माण भुम्लिचोक | गा.पा वडा नं. ६ | | ५०००००.०० | | |
| २६ | चेपाङ जातिको लागी १ घर दश चिउरी वोट अनुदान कार्यक्रम | गा.पा वडा नं. १, २, ६ र ७ | | ५०००००.०० | | |
| २७ | चेपाङ छात्रावास संचालन कार्यक्रम तोमनडाडा आधारभुत विद्यालय | गा.पा वडा नं. ६ | | ५०००००.०० | | |
| | शिक्षा तर्फ | | | | | |
| २८ | कृषि विज्ञान अनुसन्धान केन्द व्यवस्थापन अनुदान रकम | गा.पा वडा नं. ७ | | १००००००.०० | | |
| | युवा लक्षित कार्यक्रम तर्फ | | | | | |
| २९ | ताङ्लिचोक घ्याप्रिङगाउ फुटवल खेल मैदान  निर्माण | गा.पा वडा नं. २ | | ५०००००.०० | | |
| ३० | युवा स्वारोजगार ड्राइभिङ, मोवाईल, लेथ मेसिन, हाउस वाइरिङ तालिम ५० जनालाई | गा.पा वडा नं. १ देखि ८ | | ५०००००.०० | | |
| ३१ | लोक सेवा तयारी कक्षा संचालन | गा.पा वडा नं. १ देखि ८ | | ५०००००.०० | | |
| | दलित लर्फ | | | | | |
| ३२ | सुधारिएको आरान व्यवस्थापन | गा.पा वडा नं. १ देखि ८ | | ५०००००.०० | | |
| | महिला लक्षित तर्फ | | | | | |
| ३३ | वडा स्तरिया महिला संजाललाई दुना टपरी र साडीमा फल्स राख्ने तालिम तथा मेशिन खरिद अनुदान | गा.पा वडा नं. १ देखि ८ | | ५०००००.०० | | |
| ३४ | कफि विशेस कार्यक्रम ताङिलचोक | गा.पा वडा नं. २ | | २०००००.०० | | |
| ३५ | विपत व्यवस्थापन कोष पदाधिकारी र कर्मचारी | गा.पा वडा नं. १ देखि ८ | | ६०००००.०० | | |
| | खानेपानी तर्फ | | | | | |
| ३६ | लिफ्ट खानेपानी मकैसिङ साविक (वडा नं. ६,७,८ र ९) | गा.पा वडा नं. १ | | १००००००.०० | | |
| ३७ | मुस्लिम समुदाय समाधी स्थल व्यवस्थापन | गा.पा वडा नं. ८ | | ३०००००.०० | | |
| ३८ | लोकरत्न सामुदायिक अध्ययन केन्द्र घ्याल्चोक ८ अनुदान रकम | | | २०००००.०० | | |
| | जम्मा | | | ४९९०००००.०० | | |

# अनुसुचि ६
## वार्षिक विकास कार्यक्रम
## आ.व. २०७५ /७६

संकेत नं. विषयगत शिर्षक

| क्र.सं. | कार्यक्रम आयोजनाको नाम | कार्यान्वयन स्थान | लक्ष्य | विनियोजन रु | आ. स्रोत | ने.सरकार |
|---|---|---|---|---|---|---|
| १ | बुटार मकैसिङ साधिखोला मुल सडक स्तरोन्नति योजना | वडा नं १ | | ३१०००००.०० | | |
| २ | स्याम्तुस, पाडखोला बज्जरे कच्ची सडक निर्माण योजना | वडा नं १ | | ७०००००.०० | | |
| ३ | मकैसिङ शिक्षा विकास | वडा नं १ | | १२०००००.०० | | |
| ४ | मकैसिङ खानेपानि योजना | वडा नं १ | | ८०००००.०० | | |
| ५ | युवा तथा खेलकुद विकास योजना | वडा नं १ | | ५०००००.०० | | |
| ६ | मकैसिङ विद्युत व्यवस्थापन योजना | वडा नं १ | | ३०००००.०० | | |
| ७ | लक्षित वर्ग विकास योजना | वडा नं १ | | ४०००००.०० | | |
| ८ | वडा स्तरीय महिला भवन निर्माण तथा मर्मत योजना | वडा नं १ | | ५०००००.०० | | |
| ९ | वडा स्तरीय मुल महिला समुह क्षमता अभिवृद्धि | वडा नं १ | | १०००००.०० | | |
| १० | भैपरी आउने खर्च | वडा नं १ | | ५०००००.०० | | |
| ११ | पोखरीमा पोखरी तथा उद्यान निर्माण | वडा नं १ | | २०००००.०० | | |
| १२ | कृषि तथा पशु सेवा | वडा नं १ | | १०००००.०० | | |
| १३ | स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता एवं अन्य | वडा नं १ | | २१००००.०० | | |
| १४ | सहिद स्मृति भवन तथा बुटार प्रतिक्षालय मर्मत योजना | वडा नं १ | | २०००००.०० | | |
| १५ | शहिद मैती चेपाङ स्मृति भवन निर्माण तथा मर्मत | वडा नं १ | | २०००००.०० | | |
| १६ | जिउदी खोला पुल मर्मत | वडा नं १ | | १०००००.०० | | |
| १७ | कुडुले,वरपानी,टाटेडाडा पैदल मार्ग निर्माण | वडा नं १ | | १५००००.०० | | |
| १८ | सिखार खोला साखार जाने बाटो निर्माण | वडा नं १ | | १५००००.०० | | |
| १९ | काहुले बाट विजया भवानी जाने पैदल मार्ग | वडा नं १ | | २०००००.०० | | |
| २० | काहुले, न्हान्सिङ गाउँ ,कुडुले ,जटार कोलडाडा सडक मर्मत | वडा नं १ | | २०००००.०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | खहरे खोला, वालुवाखानी, डोड गाउँ ,शिखर डाँडा हुदै मोटर बाटो योजना | वडा नं १ | | १९००००.०० | | |
| | **जम्मा** | | | १०००००००० | | |
| १ | पातिस्वाँरा देखि मकैसिङ साधिखोला मुल सडक स्तरोन्नती योजना | वडा नं २ | | ५००००० | | |
| २ | भञ्ज्याङ बाफगरा हुदै पतेनी फुलडाडा सडक निर्माण योजना | वडा नं २ | | ३००००० | | |
| ३ | साविक ताङ्लीचोक ४ लाकुरीडाँडा देखि महादेवथान सडक निर्माण योजना | वडा नं २ | | ३००००० | | |
| ४ | ठुटे पिपल याङ्दी सडक स्तरोन्नती योजना | वडा नं २ | | १५०००० | | |
| ५ | घोण्डेगाँउ ऐनापार भलायडाडा सडक निर्माण योजना | वडा नं २ | | १५००००० | | |
| ६ | डाडागाउ दलभञ्ज्याङ सडक निर्माण योजना | वडा नं २ | | ३००००० | | |
| ७ | याङ्दी सिम्ले हुदै फुजेलखोला सडक निर्माण | वडा नं २ | | ३००००० | | |
| ८ | भञ्ज्याङ गब्टार सिम्ले मुल सडक स्तरोन्नती योजना | वडा नं २ | | २००००० | | |
| ९ | साधिखोला खेलकुद मैदान निर्माण योजना | वडा नं २ | | ४००००० | | |
| १० | याङदी खनालगाँउ सडक मर्मत योजना | वडा नं २ | | १००००० | | |
| ११ | वडा कार्यालय देखि घ्याप्रिङगाँउ रानिस्वाँरा सडक स्तरोन्नती योजना | वडा नं २ | | ४५०००० | | |
| १२ | वडा कार्यालय देखि महादेथान सिढी बाटो निर्माण | वडा नं २ | | १५०००० | | |
| १३ | दलभञ्ज्याङ देखि वुटार सडक स्तरोन्नती योजना | वडा नं २ | | ५००००० | | |
| १४ | महादेवडाडा पर्यटन पुर्वाधार विकास योजना | वडा नं २ | | ५००००० | | |
| १५ | घुण्डेगाउ लेकडाडा महादेवथान सडक निर्माण योजना | वडा नं २ | | १५०००० | | |
| १६ | घुण्टेगाउ खा.पा.लिफटिङ लागि तार खरिद योजना | वडा नं २ | | १५०००० | | |
| १७ | कुवरगाँउ कामिटोल हुदै सिरानटोल सिढी बाटो निर्माण योजना | वडा नं २ | | १००००० | | |
| १८ | लक्षित वर्ग( महिला, वालवालिका, आदिवासी जनजाति, दलित, जेष्ठ, अपाङ्ग, सिमान्तकृत) | वडा नं २ | | १०००००० | | |
| १९ | स्वास्थ्य तर्फ (महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन भत्ता समेत) | वडा नं २ | | २५०००० | | |
| २० | शिक्षा तर्फ | वडा नं २ | | १४००००० | | |
| २१ | खानेपानीतर्फ | वडा नं २ | | ६००००० | | |
| २२ | कृषि तर्फ | वडा नं २ | | २००००० | | |
| २३ | भैपरी तर्फ | वडा नं २ | | ५००००० | | |
| | **जम्मा** | | | १०००००००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | भालडाँडा देखि हटिया पुन्यगाउँ हुदै लाकुरेखोला सडक स्तरउन्नती | वडा नं. ३ | | २५00000.00 | | |
| २ | पुन्यगाउँ देखि आमडाँडा हुदै भैसेगौडा मोटर बाटो स्तरउन्नती | वडा नं. ३ | | २000000.00 | | |
| ३ | ओदालखर्कधारा देखि आमडाँडा हुदै सिम्ले सम्म सडक स्तरउन्नती | वडा नं. ३ | | १५00000.00 | | |
| ४ | वडा कार्यालय व्यावस्थापन | वडा नं. ३ | | ५00000.00 | | |
| ५ | आकस्मिक कोष | वडा नं. ३ | | ५00000.00 | | |
| ६ | विद्यालय व्यवस्थापन | वडा नं. ३ | | ५00000.00 | | |
| ७ | स्वास्थ्य चौकी व्यवस्थापन तथा स्वंयमसेविका प्रोत्साहन खर्च | वडा नं. ३ | | २00000.00 | | |
| ८ | कृषि तथा भेटेनरी | वडा नं. ३ | | २00000.00 | | |
| ९ | युवा तथा खेलकुद | वडा नं. ३ | | ५00000.00 | | |
| १0 | खानेपानी | वडा नं. ३ | | ९00000.00 | | |
| ११ | भालडाँडा देखि याङ्दि सडक निर्माण | वडा नं. ३ | | २00000.00 | | |
| १२ | लक्षित समुदाय (महिला, बालबालिका, दलीत, जनजाती, सिमान्तकृत, जेष्ठ, अपाङ्ग) | वडा नं. ३ | | ५00000.00 | | |
| | **जम्मा** | | | १0000000.00 | | |
| १ | ढावे पौवा मो.वा. ग्रवेल | वडा नं. ४ | | २९00000.00 | | |
| २ | टुसे चोक मरौटे साउपानी मो.बा. निर्माण | वडा नं. ४ | | २५0000.00 | | |
| ३ | डिफट फाँटपारी मोटर बाटो निर्माण | वडा नं. ४ | | ३00000.00 | | |
| ४ | घर्ती गाउँ र देवि स्थान केरावारी मोटर बाटो निर्माण | वडा नं. ४ | | १५0000.00 | | |
| ५ | भदौरे कौदी मोटर बाटो निर्माण | वडा नं. ४ | | ३00000.00 | | |
| ६ | झार्के खोला कुवापानी खा.पा.निर्माण | वडा नं. ४ | | २५0000.00 | | |
| ७ | शिखर जुङ खा.पा.मर्मत | वडा नं. ४ | | ५0000.00 | | |
| ८ | पाटापाटी बधुरी वधारा खा.पा.निर्माण | वडा नं. ४ | | ७00000.00 | | |
| ९ | कृषि आधुनिकिकरण | वडा नं. ४ | | ५00000.00 | | |
| १0 | अन्नपूर्ण देवि सालघारी मन्दिर निर्माण | वडा नं. ४ | | ५00000.00 | | |
| ११ | साल्पा देवि मन्दिर निर्माण | वडा नं. ४ | | २00000.00 | | |
| १२ | कमेरो चौर पिकनिक स्थल निर्माण | वडा नं. ४ | | ५00000.00 | | |
| १३ | कौदी खेलकुद मैदान व्यास्थापन | वडा नं. ४ | | ३00000.00 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | आयूर्वेद व्यवस्थापन | वडा नं. ४ | | १०००००.०० | | |
| १५ | फुजेल स्वास्थ्य चौकी | वडा नं. ४ | | ६००००.०० | | |
| १६ | केरावारी गाउँघर खोप क्लिनिक भवन मर्मत तथा व्यवस्थापन | वडा नं. ४ | | २०००००.०० | | |
| १७ | भडारे गाउँ जलदेवि मन्दिर निर्माण | वडा नं. ४ | | ४०००००.०० | | |
| १८ | कोर्थोक र कौदि चिहान डाडा व्यवस्थापन | वडा नं. ४ | | ४०००००.०० | | |
| १९ | दलित,आदिवासी जनजाति, सिमान्तकृत, वराम, मुस्लिम कार्यक्रम | वडा नं. ४ | | १४००००.०० | | |
| २० | दीर्घेश्वर मा.वि. | वडा नं. ४ | | ३०००००.०० | | |
| २१ | कालिका प्रा.वि. | वडा नं. ४ | | २०००००.०० | | |
| २२ | सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन | वडा नं. ४ | | १०००००.०० | | |
| २३ | महिला शसक्तिकरण कार्यक्रम | वडा नं. ४ | | १०००००.०० | | |
| २४ | मा.फलाटे खा.पा.निर्माण | वडा नं. ४ | | १०००००.०० | | |
| २५ | फलाटे महिला भवन निर्माण | वडा नं. ४ | | १०००००.०० | | |
| २६ | आकस्मिक कोष | वडा नं. ४ | | ५०००००.०० | | |
| २७ | वालवालिका स्थर वृदि कार्यक्रम | वडा नं. ४ | | १०००००.०० | | |
| २८ | फलाटे मोटर बाटो मर्मत | वडा नं. ४ | | १०००००.०० | | |
| २९ | भैरव थान देखि भञ्ज्याङ मोटर बाटो मर्मत | वडा नं. ४ | | १०००००.०० | | |
| ३० | पुरानो गाउँ देखि ढाड खोला मोटर बाटो मर्मत | वडा नं. ४ | | १०००००.०० | | |
| | **जम्मा** | | | १००००००००.०० | | |
| १ | फेदीटार देखि भगवती हुदै साँध चौतारा मोटर वाटो ग्रावेल | वडा नं. ५ | | २५०००००.०० | | |
| २ | छोटेटार, रामपुर, सानो दर्वुङ मोटर वाटो स्तरोन्नती | वडा नं. ५ | | ९०००००.०० | | |
| ३ | दर्वुङफाट देखि सानोदर्वुङ  मोटर वाटो स्तरउन्नती | वडा नं. ५ | | १००००००.०० | | |
| ४ | डोडे, केउरेनी मोटरवाटो नयाँ ट्र्याक | वडा नं. ५ | | ५०००००.०० | | |
| ५ | केरावारी, रानीश्वरा मोटरवाटो निर्माण | वडा नं. ५ | | ३४२०००.०० | | |
| ६ | एक्लेटार चापत्रेखोला कुवापानी खानेपानी | वडा नं. ५ | | १५००००.०० | | |
| ७ | भुम्रे पानी,पिपल डाडा मोटर बाटो नयाँ ट्र्याक | वडा नं. ५ | | ३०००००.०० | | |
| ८ | स्वास्थ्य सरसफाई कार्यक्रम | वडा नं. ५ | | ४०००००.०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | महिला कार्यक्रम | वडा नं. ५ | | ३५0000.00 | | |
| १० | बालबालीका कार्यक्रम | वडा नं. ५ | | ३00000.00 | | |
| ११ | विपन्न, दलित, आदीवासी, अपांग, जेष्ठ नागरिक कार्यक्रम | वडा नं. ५ | | ३५0000.00 | | |
| १२ | कृषि कार्यक्रम | वडा नं. ५ | | १000000.00 | | |
| १३ | शैक्षिक कार्यक्रम | वडा नं. ५ | | ५00000.00 | | |
| १४ | अध्ययन अवलोकन भ्रमण | वडा नं. ५ | | २00000.00 | | |
| १५ | हिम पाईप खरिद | वडा नं. ५ | | ४00000.00 | | |
| १६ | जामुने खानेपानी ट्यङ्की निर्माण | वडा नं. ५ | | १५0000.00 | | |
| १७ | सानो दर्वुङ कृषि सहकारी | वडा नं. ५ | | १00000.00 | | |
| १८ | सानोपधेरा खा.पा रैकर | वडा नं. ५ | | ५0000.00 | | |
| १९ | भैपरि आउने | वडा नं. ५ | | २00000.00 | | |
| २० | सडक मर्मत सम्भार | वडा नं. ५ | | २00000.00 | | |
| २१ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन खर्च | वडा नं. ५ | | १0८000.00 | | |
| | **जम्मा** | | | १0000000.00 | | |
| १ | दलभञ्ज्याङ बाट डोडे तोलक हुदै लुकुना सडक निर्माण | वडा नं ६ | | १५५0000.00 | | |
| २ | स्वास्थ्य चौकी ,अर्चनवास देवीस्थान मन्दिर सडक निर्माण | वडा नं ६ | | १४00000.00 | | |
| ३ | थुम्का हिक्लुङ,हिक्लुङ घाट सडक निर्माण | वडा नं ६ | | १0५0000.00 | | |
| ४ | जोगीडाँडा चिसापानी भैरबी चौर सडक निर्माण | वडा नं ६ | | १000000.00 | | |
| ५ | भञ्ज्याङ क्यान्तुङ सडक निर्माण | वडा नं ६ | | ५00000.00 | | |
| ६ | खानीखोला हुदै आदमारे सडक निर्माण | वडा नं ६ | | ५00000.00 | | |
| ७ | पर्यटन तर्फ | | | | | |
| | भुम्लिचोक पर्यटन विकास समिति पर्यटन गुरुयोजना निर्माण तथा पूर्वाधार विकास | वडा नं ६ | | ५00000.00 | | |
| | भैरवी मन्दिर निर्माण | वडा नं ६ | | ५00000.00 | | |
| ८ | शिक्षा तर्फको कार्यक्रम अनुदान | वडा नं ६ | | १000000.00 | | |
| ९ | कृषि तर्फको कार्यक्रमको लागी अनुदान | वडा नं ६ | | ३00000.00 | | |
| १० | महिला तर्फ, | वडा नं ६ | | ३00000.00 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुर्यदय महिला वचत तथा ऋण सहकारी भवन मर्मत तथा कार्यालय व्यवस्थापन | | | | | |
| ११ | स्वास्थ्य तर्फ | | | | | |
| | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन खर्च | वडा नं ६ | | १०८०००.०० | | |
| | पोषण प्रवर्धन (सुनौलो हजार दिन ) कार्यक्रम | वडा नं ६ | | १०००००.०० | | |
| | स्वास्थ्य चौकी ,सा.स्वास्थ्य इकाई कार्यालय व्यवस्थापन | वडा नं ६ | | ९२०००.०० | | |
| १२ | युवा खेलकुद कार्यक्रम अनुदान | वडा नं ६ | | | | |
| | खेलकुद सामाग्री खरिद र वितरण | | | १०००००.०० | | |
| | एक वुथ एक खेलकुद मैदान निर्माण | | | २०००००.०० | | |
| १३ | लक्षित वर्गको कार्यक्रम | वडा नं ६ | | ३०००००.०० | | |
| १४ | आकस्मिक कोष | वडा नं ६ | | ५०००००.०० | | |
| | **जम्मा** | | | १००००००००.०० | | |
| १ | ज्यमिरेघाट आँपचउर भुम्लिचोक सडक निर्माण | वडा नं. ७ | | १३०००००.०० | | |
| २ | जलविरे हुदै वडा कार्यलय सम्म सडक स्तरोन्नती | वडा नं. ७ | | १००००००.०० | | |
| ३ | श्री कृष्ण चोक चैनपुर छापगाउँ सडक स्तरोन्नती | वडा नं. ७ | | १००००००.०० | | |
| ४ | ज्ञानमार्ग मा.वि. देखि वडा कार्यालय सम्म सडक स्तरोन्नती | वडा नं. ७ | | २०००००.०० | | |
| ५ | छत्तिनीगैरा देखी स्वारा सडक स्तरोन्नती | वडा नं. ७ | | २०००००.०० | | |
| ६ | वडा कार्यालयवाट लामिडाडा सडक स्तरोन्नती | वडा नं. ७ | | ३०००००.०० | | |
| ७ | कृषि कार्यक्रम | वडा नं. ७ | | ८०००००.०० | | |
| ८ | सिंचाई तर्फ (वडहुरे विर्त, सुकुम्वासी टोल लिफ्ट, अमटे सिंचाइ) | वडा नं. ७ | | ६०००००.०० | | |
| ९ | विपद व्यवस्थापन | वडा नं. ७ | | १०००००.०० | | |
| १० | संस्कृती संरक्षण | वडा नं. ७ | | १०००००.०० | | |
| ११ | पुल मर्मत | वडा नं. ७ | | १०००००.०० | | |
| १२ | सहकारी स्टल निर्माण एकलडि | वडा नं. ७ | | २०००००.०० | | |
| १३ | त्रिशक्ति महिला कृषि सहकारी | वडा नं. ७ | | १०००००.०० | | |
| १४ | गोरेटो वाटो निर्माण | वडा नं. ७ | | | | |
| | क) जुडिखोला ज्ञानमार्ग गोरेटो वाटो | वडा नं. ७ | | २०००००.०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख) भैसे आप वडा कार्यालय गोरेटो वाटो | वडा नं. ७ | | २००००.०० | | |
| | ग) जुडिखोला सल्ला डाडा गोरेटो वाटो | वडा नं. ७ | | ५००००.०० | | |
| | घ) धवादी देखि वालटार चौतारा | वडा नं. ७ | | ५००००.०० | | |
| १५ | युवा तथा खेलकुद | वडा नं. ७ | | १५००००.०० | | |
| १६ | लोक सेवा आयोग तयारी कक्षा | वडा नं. ७ | | ३०००००.०० | | |
| १७ | भैपरि आउने | वडा नं. ७ | | ५०००००.०० | | |
| | लक्षित समुह कार्यक्रम तर्फ | वडा नं. ७ | | | | |
| १८ | वालवालिका लक्षित कार्यक्रम | वडा नं. ७ | | ३०००००.०० | | |
| १९ | महिला लक्षित कार्यक्रम | वडा नं. ७ | | ३०००००.०० | | |
| २० | विपन्न नागरिक दलित, जनजाती, अल्पसंख्यक, सिमान्तकृत र चेपाङ समेत | वडा नं. ७ | | ३०००००.०० | | |
| २१ | जेष्ठ नागरिक, अपाङ्ग लक्षित कार्यक्रम | वडा नं. ७ | | ५००००.०० | | |
| २२ | शिक्षा तर्फ ( महिला स्वास्थ्य स्वायम सेविका प्रोत्साहन भत्ता) | वडा नं. ७ | | ८०००००.०० | | |
| २३ | स्वास्थ्य तर्फ | वडा नं. ७ | | २०००००.०० | | |
| २४ | खानेपानी सरसफाई | वडा नं. ७ | | ६०००००.०० | | |
| | **जम्मा** | | | १०००००००.०० | | |
| १ | महिला कार्यक्रम | वडा नं ८ | | ३०००००.०० | | |
| २ | वालवालिका कार्यक्रम | वडा नं ८ | | २०००००.०० | | |
| ३ | आदिवासी जनजाति, दलित, माझी, मुस्लिम, सिमान्तकृत कार्यक्रम | वडा नं ८ | | २५००००.०० | | |
| ४ | जेष्ठ नागरिक ,अपाङग कार्यक्रम | वडा नं ८ | | ६५०००.०० | | |
| ५ | सुकुम्बासी व्यवस्तापन | वडा नं ८ | | २०००००.०० | | |
| ६ | लोकसेवा ,शिक्षक सेवा तयारी कक्षा संचालन | वडा नं ८ | | ३०००००.०० | | |
| ७ | कृषि / सिंचाई | वडा नं ८ | | ८०००००.०० | | |
| ९ | शिक्षा | वडा नं ८ | | ६०००००.०० | | |
| १० | स्वास्थ्य सरसफाई (महिला स्वास्थ्य स्वायम सेविका प्रोत्साहन भत्ता) | वडा नं ८ | | ३०००००.०० | | |
| ११ | विपद व्यवस्थापन | वडा नं ८ | | १०००००.०० | | |
| १२ | भैपरी आउने | वडा नं ८ | | ३५००००.०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | संञ्चार ई.हाजिरि व्यवस्था कार्यक्रम | वडा नं ८ | | २०००००.०० | | |
| १४ | खानेपानी | वडा नं ८ | | ५०००००.०० | | |
| १५ | वन तथा वातावरण मैत्री कार्यक्रम | वडा नं ८ | | १०००००.०० | | |
| १६ | युवा तथा खेलकुद | वडा नं ८ | | ४०००००.०० | | |
| १७ | युवा स्वरोजगार उधमशील कार्यक्रम | वडा नं ८ | | ४५००००.०० | | |
| १८ | संस्कृति भेषभुषा परमपरा संरक्षण | वडा नं ८ | | १०००००.०० | | |
| १९ | रोटेपिङ रिजालटोल वरफेदी नयाँगाउ हुदै धवादीघाट सडक स्तरउन्नती | वडा नं ८ | | १५०००००.०० | | |
| २० | तोरीस्वाँरा लम्बुखोला सडक मर्मत | वडा नं ८ | | ११०००००.०० | | |
| २१ | त्रिकला तेर्से कोटगाँउ सडक निर्माण | वडा नं ८ | | ५०००००.०० | | |
| २२ | वेनिवेसी वेनिटार सडक मर्मत | वडा नं ८ | | ३०००००.०० | | |
| २३ | तोरीस्वाँरा वेनिगाँउ सडक निर्माण | वडा नं ८ | | ५०००००.०० | | |
| २४ | पुरानो स्कुल चर्च भवन सडक निर्माण | वडा नं ८ | | २०००००.०० | | |
| २५ | जलविरे रिजालगाँउ वार्सडाडा सडक मर्मत | वडा नं ८ | | ३०००००.०० | | |
| २६ | ज्यामिरे स्वाँरा सडक मर्मत | वडा नं ८ | | १८५०००.०० | | |
| २७ | समिगैरा रारपाखा कुनागाँउ सडक निर्माण | वडा नं ८ | | २०००००.०० | | |
| | **जम्मा** | | | १००००००००.०० | | |


# कृषि तथा पशु शाखाको सूचना

- व्यवसायीक तरकारी खेती तथा उन्नत पशुपालनमा जोड गरौं ।
- उन्नत खालका फलफुल खेती गरौं ।
- अनावश्यक विषाधीको प्रयोग नगरौं ।
- कृषि तथा पशुपालन सम्बन्धमा कुनैपनि जानकारी आवश्यक भएमा यस शाखामा सम्पर्क गरौं ।

**कृषि तथा पशु शाखा**

**गण्डकी गाउँपालिका**

**भुम्लीचोक, गोरखा**

# अनुसुचि ६

## केन्द्रिय सरकारमा पेश गर्ने योजनाहरु

### सडक/पक्की पुल/भवन

१. सिउरेनीटारवाट ज्ञानमार्ग मा.वि. हुदै चुर्लिङ, भुम्लिचोक, दलभन्ज्याङ, रानीश्वरा, कौदी, आमडाडा, वतासे, साँधिखोला, पातिश्वरा, मकैसिङ, वुट्टार सडक
२. वेनिघाट माझिटार घ्याल्चोक, चुर्लिङ, भुम्लिचोक सडक
३. वेनिघाट रोराङ वडा नं. ९ वाट गण्डकी-७ ज्यामिरेघाटमा पक्कीपुल निर्माण ।
४. सिउरेनिटार, तोरिश्वरा वेनिगाउँ, भुम्लिचोक, दलभन्ज्यङ ताङ्लीचोक हुदै वतासे सडक
५. वेनिघाट सिउरेनिटार, तोरीश्वरा, वेनिगाउँ रामपुर सानोदर्वुङ हुदै दलभन्ज्यङ पातिश्वरा ताङ्लीचोक हुदै वतासे सडक
६. गण्डकी गाउँपालिका वडा नं. ८ वडा कार्यालयवाट तेर्से छापगाउँ भैरवी भुम्लिचोक सडक
७. तोरीश्वारा तेर्से चैनपुर चिप्लेटी भुम्लीचोक सडक
८. मकैसिङ पोखरीवाट ऐनापार हुदै दलभन्ज्याङ सडक
९. वुट्टार, गोर्दी, दलभन्ज्यङ, पातीश्वारा सडक
१०. भैसेगौडा, चारकुने, आमडाडा, पुन्यगाउँ, भालडाडा सडक
११. डुवान क्षेत्रवाट वटुका कालभैरव सम्म सडक
१२. वेनिगाउँवाट रामपुर, सानोदर्वुङ, तोलक, दलभन्ज्यङ, रानीश्वरा, भगवती मा.वि. हुदै वडा नं. ५ को वडा कार्यालय सम्म सडक
१३. गण्डकी-६, फिस्लीङवाट आइडाडा हुदै भैरवीटार कोराक सडक
१४. गण्डकी-६, फिस्लीङवाट देवीस्थान कोराक आपचौर वालकी हिक्लुङ थुम्का कौदिफाँट सडक
१५. फिस्लिङवाट देविस्थान कोराक हुदै गाउँपालिका सडक
१६. गण्डकी गाउँपालिका र वडा नं. ४ को भवन निर्माण

### पर्यटन तर्फ

१. गण्डकी-६, भैरवीटारमा शैक्षिक वनस्पति तथा जैविक पार्क निर्माण
२. सिउरेनीटारवाट चमेरे गुफा, तोरीस्वाँरा, वेनिगाउँ तेस्रे सिद्धस्थान, भैरवीटार, दलभन्ज्यङ, महादेवडाडा वटुकी भैरवी स्थान हुदै मनकामना जाने पैदल मार्ग निर्माण
३. गण्डकी -२, ४ र ६ मा भ्यु टावर निर्माण

### शिक्षा तर्फ

१. गाउँपालिका स्तरिय प्राविधिक शिक्षालय स्थापना
२. ज्ञानमार्ग मा.वि. प्राविधिक शिक्षालय तथा कृषि अनुसन्धान केन्द्र स्थापना

## सिंचाई तर्फ तथा विविध

१. वडा नं. ७ र ८ लम्वुखोला धवादी खोला जडीखोला र फुडारी खोलामा सिंचाईको लागी पानि संकलन
२. गण्डकी गाउंपालिका वडा नं. ३, ४ र ५ लाई स्मार्ट सिटि वनाउने ।
३. गाउँपालिका स्तरीय तालिम केन्द्र स्थापना
४. गण्डकी गाउँपालिका वहुउदेश्य कार्यालय भवन निर्माण
५. गाउँपालिका स्तरिय रंगशाला निर्माण

## अनुसुचि ७
## गण्डकी प्रदेश सरकारमा पेश गर्ने योजनाहरू

**तपशिल**

क) इच्छाकामना-फिस्लङ-भुम्लिचोक सडक कालोपत्रे ।
ख) इच्छाकामना गाउँपालिका-फिस्लङ-दलभञ्याङ-रानिश्वर-आमडाडाँ वचासे हुदै शहिद लखन गाउँपलिका सम्मसडक कालोपत्रे ।
ग) वेनिघाट रोराङ-सिउरिनटार-ध्याल्चोकटार-ज्यामिरेघाट-फिसलिङ-वुटार हुदै शहिद लखन गाउँपलिका कोराइनस सडक ।
घ) वेनिघाट रोराङ-सिउरिनटार-तोरिश्वारा-वेनिगाउ-रामपुर-सानुदर्वुङ-दलभञ्ज्याङ-घ्याप्रिङ गाउँ-वतासेहुदै शहिद लखन गाउँपलिका सम्म सडक ।
ङ) गण्डकी गाउँपालिका वडा नं २, ६ र ८ मा होमस्टे संचालन सहित पर्यटन विकास योजना ।
च) घ्याल्चोकटार वृहत सिचाई आयोजना । छ) मकैसिङ वृहत खानेपानी आयोजना ।
ज) गण्डकी गाउँपालिका-७ र ८ घ्याल्चोकमा प्रविधिक शिक्षालय स्थापना ।
झ) फुजेल वृहत लिफ्टिङ खानेपानी योजना-गण्डकी वडा नं ३ र ४ ।
ञ) गण्डकी गाउपालिका वडा नं २ गोर्दीटार लिफ्टिङ सिचाई ।
ट) रामपुर-सानुदर्वुङ लिफ्टिङ खानेपानी आयोजना ।
ठ) फेदिटार-वडा नं ५ वडा कार्यालय-रानीशरा-ताङिलचोक-घ्याप्रिङ गाउँ-पातिश्वरा हुदै लखन थापा गाउँपालिका जोड्ने सडक कालोपत्रे ।
ड) ताङिलचोक वृहत खानेपानी आयोजना । ढ) वेनिघाट रोराङ गाउँपालिका धादिङ र गण्डकी गाउँपालिका गोरखा जोड्ने त्रिशुलि नदि माथि धवादीघाटमा पक्की पुल ।
ण) भुम्लिचोक भैरवी भ्यू टावर निर्माण ।
त) गण्डकी गाउँपालिकाको कार्यालय र वडा नं. ४ भवन निर्माण ।

# निर्णयहरु :

## निर्णय नं. १

यस गण्डकी गाउपालिकाको मिति २०७५/३/२५ गते बसेको गाउकार्यपालिकाबाट स्विकृत भइ आजको गाउसभामा गाउपालिका अध्यक्ष श्री होम बहादुर राना मगरद्धारा प्रस्तुत आगामी आ.व २०७५/७६ को बजेट नीति तथा कार्यक्रमहरु स्विकृत गर्ने निर्णय गरियो साथै आ.व.२०७५/०७६ का लागि गाउपालिकास्तरिय तथा वडा स्तरिय योजनातर्जुमा समितिबाट सिफारिस भई आएका एवं गाउपालिका बोर्डबाट निर्णय भै आएका अनुसुचि ६ मा उल्लेखित प्रस्ताबित योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

आ. व. २०७५/७६ का लागि राजश्व परामर्श समितिको सुझाव सहित पेश हुन आएका अनुसुचि २ बमोजिमका कर, दस्तुर, सेवाशुल्क तथा राजश्वका दरहरुलाई स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो । र सो सम्वन्धी अन्य प्रक्रिया एवं कार्यका लागि गाउकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय समेत गरियो

## निर्णय नं. ३

गण्डकी गाउपालिका क्षेत्र भित्र रहेका सार्वजनिक बाटोको समयानुकुल लगतकट्टा नभएकोले घर निर्माण अनुमति प्रदान गर्न समस्या परिरहेको सन्दर्भमा हाल फिल्डमा रहेका बाटाहरुको इन्भेन्ट्री कायम गरी सो बमोजिम लगत कट्टाका लाीग नापी कार्यालय र मालपोत कार्यालयलाई अनुरोध गरी सो अनुरोध अनुरुप गाउपालिका कार्यालयले तोकेको मापदण्ड अनुरुप हुने गरी नक्सा पास गर्न गण्डकी गाउपालिका कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

यस गाउपालिकाको साधन श्रोतबाट मात्र सम्पन्न हुन नसकेका निम्नानुसारका योजनाहरुलाई अनुसूची क बमोजिमका योजनाहरु केन्द्रमा वा प्रदेशमा , र अनुसूची ख का योजनाहरुलाई गाउपालिकाको आगामी आ.व.को प्राथमिकता प्राप्त योजनाका रुपमा सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं ५

यस गाउपालिकाका लागि आगामी आ.व. ०७५/०७६ को लागि आवश्यक पर्ने सरसामान खरिद प्रयोजनका लागि तयार भएको आ.व.०७५/७६ को वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

गाउपालिकाको भौगोलिक अवस्था सांस्कृतिक धरोहर, नदीनाला र नागरिक वडापत्र लगायतका सूचनाहरु समेत रहने गरी प्रत्येक वर्षको चैत्र महिनाभित्र आगामी वर्षको तिथि मिति सहितको भित्ते पात्रो (क्यालेण्डर) प्रकाशन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

यस गाउपालिकामा नेपाल सरकारद्वारा प्रस्तावित दरबन्दी संख्या बढीमा ३३ दरवन्दी संख्याहरुलाई कायम गर्ने निर्णय गरियो ।

## गाउँपालिका तर्फ

| सि.नं. | पदनाम | श्रेणी/तह | स्वीकृत दरवन्दी | कार्यरत स्थायी | अस्थायी/करार | रिक्त | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतिय | १ | १ | | | १ |
| २. | शाखा अधिकृत शिक्षा | | १ | | | १ | १ |
| ३. | इन्जिनियर | अधिकृत छैटौ | १ | | १ | १ | १ |
| ४. | नायव सुव्वा | | ६ | १ | | ५ | ६ |
| ५. | नायव सुव्वा -न्याय/प्रशासन) | | १ | | | १ | १ |
| ६. | प्रा.स.नायव सुव्वा शिक्षा | | १ | | | १ | १ |
| ७. | खरिदार | | १ | १ | | | १ |
| ८. | लेखापाल | | १ | १ | | | १ |
| ९. | आ.ले.प. | | १ | | | १ | १ |
| १०. | सव-इन्जिनियर | | २ | | १ | १ | २ |
| ११. | सह-लेखापाल | | १ | १ | | | १ |
| | जम्मा | | | ६ | | ९ | १७ |

## वडा कार्यालय तर्फ

| सि.नं. | पदनाम | श्रेणी/तह | स्वीकृत दरवन्दी | कार्यरत स्थायी | अस्थायी/करार | रिक्त | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | नायव सुव्वा/खरिदार | रा.प.अनं.प्रथम/द्धितिय | ८ | ४ | | ४ | ८ |
| २. | सव-इन्जिनियर/अ.स.ई. | | ८ | | | ८ | ८ |
| ३. | | | | | | ११ | १६ |

## निर्णय नं. ८

गण्डकी गाउपालिका प्रथम गाउासभा २०७४।३।२५ मा वसेको प्रथम गाउसभा पश्चात हाल सम्म गाउा कार्यपालिकाले गरेका योजना संसोधन/परिमार्जन र थपघट सम्वन्धि सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

गण्डकी गाउापालिका प्रथम गाउासभा देखि हाल सम्म विभिन्न मितिमा गाउा कार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

नेपाल सरकारबाट मिति २०७४/०२/१७ मा जारी भएको स्थानीय तहको सेवा तथा व्यवस्थापन सावन्धि आदेश २०७४ बमोजिम यस गाउपालिकाको वार्षिक जिन्सी निरिक्षण प्रतिवेदन, २०७२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

गाउपालिकाको सेवा प्रवाहलाई सुशासनमैत्री एवं प्रभाबकारी बनाउन तयार गरिएको नागरिक वडापत्रलाई थपघट सहित अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

यस गण्डकी गाउपालिकाको २० बर्षे गुरुयोजना तथा ५ बर्षे आवधिक योजना चालु आ.व. २०७५।७६ भित्र

तयार गर्ने निर्णय गरियो ।

## निर्णय नं.१३

यस गाउपालिकाद्वारा गाउपालिका तथा वडा स्तरमा संचालन हुने विकास निर्माण आयोजनाहरुको बोलपत्र मूल्याकन गर्न देहाय वमोजिम बोलपत्र मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक- अध्यक्ष, होम वहादुर राना मगर
सदस्य- उपाध्यक्ष, ललिता अधिकारी
सदस्य- प्रमुख प्रशासकीय अधिकृत
सदस्य- कार्यपालिका सदस्य, जीवन गुरुङ
सदस्य- इन्जीनियर
सदस्य- ना.सु योजना शाखा
सदस्य- लेखापाल
सदस्य- प्रशासन शाखा प्रमुख

## निर्णय नं.१४

यस गाउपालिकाद्वारा विभिन्न वडाहरुमा संचालन भै सम्पन्न हुने सम्पूर्ण विकास निर्माण आयोजनाहरुको गुणस्तर मापन एवं प्रभाब मुल्याकन गर्दै यस सम्वन्धमा भावी नीति तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्वेश्यले निम्नानुसारको योजना अनुगमन, जाचपास तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक- उपाध्यक्ष श्री ललिता अधिकारी
सदस्य- कार्यपालिका सदस्य श्री पहलमान वयलकोटी
सदस्य- कार्यपालिका सदस्य श्री भगवती चेपाङ
सदस्य- प्रमुख प्रशासकीय अधिकृत
सदस्य- इन्जीनियर/सव-इन्जिनियर

## निर्णय नं.१५

उपभोक्ता समिति मार्फत आयोजना संचालन गर्दा मुल्याकन बिलको आधारमा मात्र भुक्तानी दिने प्रणाली लागु गरि पेश्की शुन्य प्रणाली लागु गर्ने निर्णय गरियो ।

## निर्णय नं.१६

उपभोक्ता समिति मार्फत संचालन हुने रु ५०,०००। (पचास हजार रुपैया) भन्दा माथिका आयोजनाहरुलाई कार्यस्थलमा नै स्वीकृत ढाचामा सार्वजनिक परीक्षण (Public Audit) गरेर मात्र अन्तिम भुक्तानी दिने अनिवार्य ब्यवस्थालाई निरन्तरता दिने निर्णय गरियो । ठेक्कापट्टा मार्फत कार्यन्वयन हुने आयोजनाको हकमा स्थानीय स्तरमा अनुगमन समिति गठन गरि रेखदेखको जिम्मा दिईनेछ ।

## निर्णय नं.१७

यस गण्डकी गाउपालिकामा रहनेगरि देहायबमोजिमका दैबी प्रकोप उद्धार बिशेष कोष लगायत अन्य कोषहरु

स्थापना गर्ने निर्णय गरियो ।

क. दैवी प्रकोप उद्धार बिशेष कोष
ख. मर्मत संभार बिशेष कोष
ग. महिला तथा बालबालिका बिशेष कोष
घ. वातावरण व्यवस्थापन बिशेष कोष
ङ. कर्मचारी कल्याण कोष

## निर्णय नं. १८

आगामी आ. व. ०७५/७६ मा संचालनको लागि विभिन्न पुजिगत शिर्षकहरुमा प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरुको लागि अपेक्षा गरिएको रकम कुनै कारणवस प्रस्ताव गरिएको बजेट प्राप्त हुन नसकेकोमा आन्तरिक श्रोत एवं केन्द्रीय निशर्त अनुदानको हकमा जुन अनुपातमा बजेट कटौती हुन्छ सोही अनुपातमा योजनाको रकम कटौती गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १९

एकिकृत सम्पत्ति कर ब्यबस्थापन, विज्ञापन कर संकलन, ब्यबसाय कर, घरभाडा कर लगाएत अन्य सबै कर संकलनका लागि सम्पूर्ण प्रक्रियाहरुको शुरुआत तथा किनारा गर्न गण्डकी गाउपालिका, गाउ कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २०

गाउपालिकाको जिन्सी निरिक्षण, जिन्सी लिलाम बिक्रि र मिन्हा गर्ने कार्यका लागि गाउकार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २१

गण्डकी गाउपालिकाको आन्तरिकश्रोत वृद्धिका लागि आम्दानीका स्रोतहरु पहिचान गर्ने, एकीकृत सम्पत्ति कर, ब्यबसाय कर, घरभाडा कर, विज्ञापन कर, पटके सवारी साधन कर, फोहोरमैला संकलन तथा ब्यवस्थापन शुल्कको दररेट मुल्याकन, पुनरावलोकन तथा अस्पष्टता निरुपण तथा थप निर्णय गर्न देहायको गाउपलिकास्तरिय राजश्व परामर्श समितिगठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक- | श्री उपाध्यक्ष गण्डकी गाउपालिका |
| सदस्य- | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य- | श्री नेपाल चेम्वर अफ कमर्सका प्रतिनिधी |
| सदस्य- | श्री गोरखा उद्योग बाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधी |
| सदस्य- | गाउपालिका सदस्य राम प्रसाद रेग्मी |
| सदस्य- | गाउपालिका सदस्य रिम माया थापा मगर |
| सदस्य सचिव- | राजश्व शाखा प्रमुख |

## निर्णय नं २२

यस गाउपालिकाको आ.व.२०७५/७६ को लागि तयार गरिएको वार्षिक कार्य योजना तथा कार्य तालिका (क्यालेण्डर) स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. २३

यस गाउपालिकाको कार्यपालिकाको बैठकबाट विभिन्न्न मितिमा निर्णय भएका नीति, कार्यक्रम तथा आयोजनाहरु अनुमोदन गर्ने निर्णय गरियो । कार्यपालिकावाट प्रस्तुत हुन आएको आ.व. २०७३/०७४ को यथार्थ आयव्यय आ.व. ०७४/०७५ को संसोधित आयव्यय अनुमान र आगमी आ.व. २०७५/०७६ को अनुमानित आयव्यय विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २४

नेपाल सरकारले निर्देशित गरेको नीति अनुसार लक्षित बर्ग अर्न्तगतका योजनाहरु बाहेक अन्य योजनाहरुमा कम्तिमा २० प्रतिशत लागत सहभागीता/जनसहभागीता जुटाई योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २५

गण्डकी गाउपालिकामा ब्यवसाय दर्ता गराउने, घर नक्सापाश गर्ने एवं घरबहाल कर तिर्ने लगायतका इमान्दार एवं असल करदाताहरुमध्ये उत्कृष्ट करदाता तथा यस गाउपालिकामा कार्यरत स्थायी, करार, अस्थायी कर्मचारीमध्ये उत्कृष्ट कर्मचारीहरुलाई समेत कदरपत्र सहित सम्मान गर्ने निर्णय गरियो ।

## निर्णय नं. २६

यस गण्डकी गाउपालिकाको चालु आ.व.०७४/७५ मा हाल सम्म भएका सम्पूर्ण आम्दानी तथा खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै बजेट संसोधन गर्नुपर्ने भएमा औचित्य सहित संसोधन गर्ने अधिकार गाउपालिका, कार्यपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं २७

यस गण्डकी गाउपालिकाको कार्यालयमा स्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन पास गर्ने निर्णय गरियो ।

## निर्णय नं २८

गाउपालिका स्थापना भएको दिनको सम्झना गर्न प्रत्येक बर्ष फाल्गुण २७ गतेलाई गाउपालिका स्थापना दिवश मनाउने निर्णय गरियो ।

## निर्णय नं.२९

यस गण्डकी गाउपालिकाको मिति २०७५/३/२५ गते बसेको गाउकार्यपालिकाबाट स्विकृत भइ आजको गाउसभामा गाउपालिका अध्यक्ष श्री होम बहादुर राना मगरद्वारा प्रस्तुत यस गाउपालिकाद्धारा निर्मित देहाय बमोजिमकाऐन, नियम नीति र कार्यविधिहरु स्विकृत गर्ने निर्णय गरियो ।

क. गण्डकी गाउपालिकाको न्यायिक समितिले उजुरीको कारवाहीको किनार गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन

ख. गण्डकी गाउपालिकाको विनियोजन ऐन २०७५

ग. गण्डकी गाउपालिकाको आर्थिक ऐन २०७५

## निर्णय नं. ३०

यस गण्डकी गाउपालिकाको तेस्रो गाउसभा सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण राजनीतिक दलका प्रमुख, प्रतिनिधी, नागरिक समाज, उद्यमी व्यवसायी, गाउपालिकावासी, संचारकर्मी मित्रहरु एवं गाउपालिकाका सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

## निर्णय नं २८

गाउपालिका स्थापना भएको दिनको सम्झना गर्न प्रत्येक बर्ष फाल्गुण २७ गतेलाई गाउपालिका स्थापना दिवश मनाउने निर्णय गरियो ।

## निर्णय नं.२९

यस गण्डकी गाउपालिकाको मिति २०७५/३/२५ गते बसेको गाउकार्यपालिकाबाट स्विकृत भइ आजको गाउसभामा गाउपालिका अध्यक्ष श्री होम बहादुर राना मगरद्वारा प्रस्तुत यस गाउपालिकाद्धारा निर्मित देहाय बमोजिमकाऐन, नियम नीति र कार्यविधिहरु स्विकृत गर्ने निर्णय गरियो ।

क. गण्डकी गाउपालिकाको न्यायिक समितिले उजुरीको कारवाहीको किनार गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन

ख. गण्डकी गाउपालिकाको विनियोजन ऐन २०७५

ग. गण्डकी गाउपालिकाको आर्थिक ऐन २०७५

## निर्णय नं. ३०

यस गण्डकी गाउपालिकाको तेस्रो गाउसभा सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण राजनीतिक दलका प्रमुख, प्रतिनिधी, नागरिक समाज, उद्यमी व्यवसायी, गाउपालिकावासी, संचारकर्मी मित्रहरु एवं गाउपालिकाका सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

# अनुसुचि १

| सि.नं. | योजनाहरुको नाम | जम्मा |
|---|---|---|
| | प्रोजेक्ट म्याट्रिक्स फण्ड (आन्तरिक आय,गाउपालिका अनुदान रजिष्ट्रेशन तथा राजश्व बाँडफाड समेत) | ४२,९५,८९,३८३।०० |
| १ | सामाजिक सुरक्षा अनुदान | ६,००,००,०००।०० |
| २ | गा.पा.मा आवश्यक फर्निचर, मेशिनरी औजार तर्फ | १०,००,०००।०० |
| ३ | शासकिय क्षमता विकास कार्यक्रम (LGDCP) | १०,००,०००।०० |
| ४ | चालू खर्च तर्फ | ४,३९,६९,०००।०० |
| ५ | सडक बोर्ड तर्फको कार्यक्रम | ० |
| ६ | ससर्त तर्फको अनुदानबाट संचालन हुने कार्यक्रम | १४,४१,००,०००।०० |
| | जम्मा बाँकी रु. | १७,९५,२०,३८३।०० |
| | क. समपुरक कोष तर्फ | १,००,००,०००।०० |
| | ख. विषयगत कार्यालयलाई सिलिङ,<br>➢ कृषि शाखा ५०,००,००० ।<br>➢ पशु सेवा शाखा ४०,००,०००।<br>➢ शिक्षा शाखा २०,००,०००।<br>➢ महिला विकास २०,००,०००। | १,३०,००,०००।०० |
| | ग. गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण | १,००,२०,३८३।०० |
| | ३. मर्मत सम्भार कोष प्रति वडा दुई लाख | १६,००,०००।०० |
| | ङ. विधुत् पोल खरिद | १,५०,००,०००।०० |
| | च. कुल कार्यक्रम बजेट रु.(गाउँ तथा वडा स्तरिय योजना) | १२,९९,००,०००।०० |
| १.१ | अन्य विकास कार्यक्रम (पूर्वाधार तथा प्रर्वद्धनात्मक) | |
| १.१.१ | गाउँपालिका स्तरिय योजना कार्यक्रम | ४,९९,००,०००।०० |
| १.१.२ | वडा पूर्वाधार बजेड सिलिंग वडा नं.१ | १,००,००,०००।०० |
| १.१.३ | वडा पूर्वाधार बजेड सिलिंग वडा नं.२ | १,००,००,०००।०० |
| १.१.४ | वडा पूर्वाधार बजेड सिलिंग वडा नं.३ | १,००,००,०००।०० |
| १.१.५ | वडा पूर्वाधार बजेड सिलिंग वडा नं.४ | १,००,००,०००।०० |
| १.१.६ | वडा पूर्वाधार बजेड सिलिंग वडा नं.५ | १,००,००,०००।०० |
| १.१.७ | वडा पूर्वाधार बजेड सिलिंग वडा नं.६ | १,००,००,०००।०० |
| १.१.८ | वडा पूर्वाधार बजेड सिलिंग वडा नं.७ | १,००,००,०००।०० |
| १.१.९ | वडा पूर्वाधार बजेड सिलिंग वडा नं.८ | १,००,००,०००।०० |

# अनुसुचि २

| सिं.नं. | विवरण | आ.ब. ०७३/०७४ को यथार्थ | आ.व. ०७४/०७५ को अनुमान | आ.ब. ५ ०७४/०७५ को संसोधित अनुमानीत | आ.ब. ०७५/०७६ को अनुमानीत आय | कैफियत |
|---|---|---|---|---|---|---|
| १.१.१ | घरधुरी कर | | १०,००,०००।०० | २००००० | | |
| १.१.२ | मालपोत/भूमि कर | | १०,००,०००।०० | ५००००० | | |
| १.१.३ | एकिकृत सम्पत्ती कर | | | | २५,००,०००। | |
| १.१.४ | सवारी साधन कर (वार्षिक) | | ५०,०००।०० | | १००,०००। | |
| १.१.५ | सवारी साधन कर (पटके) | | ६,००,०००।०० | | १०,००,०००। | |
| १.१.६ | बहाल कर | | ५०,०००।०० | | ५०,०००। | |
| १.१.७ | बहाल बिटौरी कर | | | | | |
| १.१.८ | विज्ञापन कर | | १,५०,०००।०० | | १,००,०००। | |
| १.१.९ | मनोरञ्जन कर | | | | | |
| १.१.१० | व्यवसाय कर | | ५,००,०००।०० | १००००० | १०,००,०००। | |
| १.१.११ | प्राकृतिक स्रोत उपयोग कर | | १५,००,०००।०० | | ५०,००,०००। | |
| | जम्मा | ००० | ४८,५०,०००।०० | ८००००० | ९७,५०,०००। | |
| १.२ | | | | | | |
| १.२.१ | सवारी पार्किङ् शूल्क | | | | | |
| १.२.२ | महसुल तथा सेवा शूल्क | | १००००००।०० | १०००००० | १,००,०००।०० | |
| १.२.३ | कृषि पूर्वाधार निर्माण शूल्क | | ४४१९०००।०० | | ५,००,०००।०० | |
| १.२.४ | अचल सम्पत्ति मूल्यांकन | | १०००००।०० | २५०००० | ५०,०००।०० | |
| १.२.५ | अन्य सेवा शूल्क/३ रु ब्लक | | ५०,०००।०० | | | |
| १.२.६ | एकिकृत विलम्ब शूल्क | | | | | |
| १.२.७ | नाप नक्सा सेवा सूल्क | | ५०,०००।०० | | ५०,०००।०० | |
| | जम्मा | ००० | ५६,१९,०००।०० | १२५०००० | ७,००,०००।०० | |
| १.३ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.३.१ | व्यक्तिगत ३६ना दर्ता (जन्म, मृत्यु, बिबाह, बसाई सराई, सम्वन्ध बिच्छेद, अबिबाहित) | | १५०,०००।०० | २५०००० | २,००,०००।०० | |
| १.३.२ | बन्दुक लाइसेन्स नविकरण | | | | | |
| १.३.३ | घरबाटो सिफारिस | | ५००,०००।०० | ४००००० | ३,००,०००।०० | |
| १.३.४ | चारकिल्ला सिफारिस | | ३००,०००।०० | ४००००० | ३,००,०००।०० | |
| १.३.५ | नागरिकता सिफारिस | | १५०,०००।०० | २००००० | २,००,०००।०० | |
| १.३.६ | नक्सा पास दस्तुर | | १००,०००।०० | २५०००० | ५,००,०००।०० | |
| १.३.७ | नक्सापास निवेदन दस्तुर | | ५०,०००।०० | | | |
| १.३.८ | अन्य सबै सिफारिश | | २५०,०००।०० | | २,५०,०००।०० | |
| जम्मा | | ००० | १५,००,०००।०० | १५००००० | १७,५०,०००।०० | |
| १.४ | | | | | | |
| १.४.१ | बोलपत्र/दरभाउपत्र | | २५,०००।०० | ४०००० | ५०,०००।०० | |
| १.४.२ | अन्य बिक्री (लिलाम....) | | ५०,०००।०० | | ५०,०००।०० | |
| जम्मा | | ००० | ७५,०००।०० | | १,००,०००।०० | |
| १.५ | दण्ड जरिवाना | | ५,०००।०० | १०००० | ५०,०००।०० | |
| १.६ | सावाँ, ब्याज लाभांश र बोनश | | ०।०० | | ०।०० | |
| १.७ | अन्य आय | | ५,०००।०० | | २५,०००।०० | |
| | जम्मा | ००० | १०,०००।०० | | ७५,०००।०० | |
| | आन्तरिक स्रोत जम्मा | ००० | १,२६,३०,०००।०० | ५०००० | १,२३,७५,०००। | |
| २ | | | | | | |
| २.१ | निकासी कर | | ५,००,०००।०० | ३०००००० | २०,००,०००।० | |
| २.२ | जडिबुटि कवाडि र जिवजन्तु कर | | ५,००,०००।०० | | ५,००,०००।०० | |
| २.३ | घरजग्गा रजिष्ट्रेशन (मालपोत) | | १०,००,०००।०० | | | |
| जम्मा | | ००० | २०,००,०००।०० | | २५,००,०००।०० | |
| कुल जम्मा | | | १,४०,१९,०००।०० | ६६,००,०००। | १,४८,७५,०००। | |

| | | | | |
|---|---|---|---|---|
| ३ | | | | |
| ३.1 | निशर्त अनुदान (नेपाल सरकार) | | | |
| ३.१.१ | वित्तिय समानीकरण अनुदान | १६,०५,८१,०००। | १६,०५,८१,०००। | १३,३३,००,०००। |
| ३.१.२ | राजश्व वांडफाड | | | ६,११,६४,०००। |
| ४ | निशर्त अनुदान( प्रदेश सरकार) | | | |
| ४.१.१ | वित्तिय समानीकरO अनुदान | | | १,१७,७७,०००। |
| ४.१.२ | राजश्व वांडफाड | | | ३३,७३,३८३। |
| ५ | शशर्त अनुदान | | | |
| ५.१.१ | नेपाल सरकार ससर्त अनुदान | १०,९२,९१,०००। | १०,९२,९१,०००। | १४,४१,००,०००। |
| ५.१.२ | स्थानीय शासन तथा सा.वि.का. | | | १०,००,०००। |
| | जम्मा | २६,,९२,९१,०००। | २६९२,९१००० | |
| जम्मा रु. | | २८,३९,२१,०००।०० | २७६४७२००० | ३५,४७,१४,३८३।०० |
| सामाजिक सुरक्ष अनुदान | | ५,५०,००,०००।०० | ५५१५२००० | ६,००,००,०००।०० |
| कूल जम्मा | | ३३,८९,२१,०००।०० | ३३१६२४००० | ४२,९५,८९,३८३।०० |

# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असामान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होईन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिसा गर्ने वानीमा परिवर्तन आउनु
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनावारीका धेरै रगत वग्ने अथवा अनियमित रगत वग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत वग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरको कुनैपनि अङ्गको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ। तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार वारे आवश्यक जानकारी लिनु पर्दछ ।

**नेपाल सरकार**
**गण्डकी गाउँपालिका**
**स्वास्थ्य शाखा**
**भुम्लिचोक, गोरखा**

# अनुसुचि ३
## गण्डकी गाउँपालिकाको खर्च तर्फ

| सि.नं. | बजेट रकम नं | बजेट वर्गिकरण | आ.व. ०७३/०७४को यथार्थ व्यय | आ.व. ०७४/०७५ को व्यय अनुमान | आ.व. ०७४/०७५ संसोधित व्यय अनुमान | आ.व.०७५/०७६ को व्यय अनुमान |
|---|---|---|---|---|---|---|
| १ | २११११ | तलव/स्थानीय भत्ता/महंगी भत्ता/पोशाक | | १५००००००। | ९२४५००० | १,३०,००,०००। |
| २ | २१११९ | पदाधीकारी भत्ता | | ३४४५०००। | ७०००००० | ७०,००,०००। |
| ३ | | पदाधीकारी संचार सूविधा | | | २००००० | २,००,०००।०० |
| ४ | २१११९ | बैठक भत्ता वडा | | १००००००। | १८००००० | १८,००,०००। |
| ५ | | बैठक भत्ता गाउपालिका | | | ८००००० | ८,००,०००। |
| ६ | २२४१२ | अन्य सेवा शूल्क (करारका कर्मचारीहरुको तलव) | | ६०००००। | १०००००० | २०,००,०००। |
| ७ | २२६१२ | भ्रमण खर्च | | १००००००। | १०००००० | १२,००,०००। |
| क. सि.नं.१ देखि ५ सम्मको (उपभोग खर्चको) कूल जम्मा रु. | | | ००।०० | २,१०,४५,०००। | २१०४५००० | २,६०,००,०००। |
| ६ | २२१११ | पानि तथा बिजुली | | १५००००। | १०००००। | १०००००। |
| ७ | २२११२ | संचार खर्च | | १०००००। | १०००००। | १५००००। |
| ८ | २२११२ | नेटवर्क लगायत | | १०००००। | १०००००। | १०००००। |
| ९ | २२१२१ | घर भाडा | | १६५०००। | १६५०००। | ४०००००। |
| १० | २२१२२ | अन्य भाडा | | १०००००। | १०००००। | ३०००००। |
| ११ | २२२११ | इन्धन प्रशासनिक तर्फ | | १५००००। | १५००००। | २०००००। |
| १२ | २२२११ | इनधन पदाधिकारी संचालन | | २५००००। | २५००००। | ३०००००। |
| १३ | २२२११ | इनधन कार्यक्रम तर्फ | | १०००००। | १०००००। | १०००००। |
| १४ | २२२१२ | मोटरसाईकल, गाडी मर्मत सम्भार | | ३०००००। | २०००००। | ५०००००। |
| १५ | २२२१२ | अन्य विभिन्न मर्मत सम्भार | | १०००००। | १०००००। | २०००००। |
| १६ | २२२१२ | कम्प्युटर, प्रिन्टर, फोटोकपी, फ्याक्स खरिद तथा मर्मत सम्भार | | १०००००। | १०००००। | ६०००००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | २२२१३ | सवारी ब्युबुक नबिकरण, चौथोपक्ष बीमा | | ५००००। | ५००००। | ५००००। |
| १८ | २२३११ | तार टिकट, पार्सल हूलाक खर्च | | २५०००। | २५०००। | २५०००। |
| १९ | २२३११ | बोर्ड, तूल, ब्यानर वडापत्र लेखाई तथा व्यवस्थापन खर्च | | ५००००। | ५००००। | १५००००। |
| २० | २२३११ | फोटोकपी, कम्प्युटर टाईप लगायतका अन्य सेवा खर्च | | ५००००। | ५००००। | १०००००। |
| २१ | २२३११ | विभिन्न ढूवानी खर्च | | १०००००। | १०००००। | १५००००। |
| २२ | २२३११ | कार्यालय पत्रपत्रिका तथा ग्राहक शूल्क तथा पुस्तक खरिद | | ५००००। | ५००००। | ५००००। |
| २३ | २२३११ | वडा कार्यालय व्यवस्थापन खर्च | | ३२,००,०००। | ३२,००,०००। | २०,००,०००। |
| २४ | २२३११ | मशलन्द खर्च | | १००००००। | १००००००। | १००००००। |
| २५ | २२३११ | विभिन्न अनुसुचि, निवेदन तथा फर्मेट छपाई खर्च | | ४०००००। | ४०००००। | ५०००००। |
| २६ | २२३११ | कार्यालय अन्य व्यवस्थापन खर्च | | १००००० | २५०००० | २०००००। |
| २७ | २२३१४ | इनधन ·अन्य प्रयोजन) | | ५००००। | ५००००। | ५००००। |
| २८ | २२६११ | अनुगमन, मुल्याकंन खर्च | | ३०००००। | २०००००। | ३०००००। |
| २९ | २२७११ | दिनदुखी/विरामी उपचार खर्च तथा आर्थिक सहायता | | ३०००००। | ३०००००। | ३०००००। |
| ३० | २२७११ | स्वीकृत मनोरञ्जन, प्रर्दशन, चियापान तथा भोजहरु खर्च | | ३०००००। | ४०००००। | ४०००००। |
| ३१ | २२७११ | प्रतिनिधि मण्डलको स्वागत/अतिथि सत्कार खर्च | | २०००००। | २०००००। | २०००००। |
| ३२ | २२७११ | विविध खर्च अन्य | | २५००००। | ५०००००। | ३०००००। |
| ३३ | | विभिन्न महोत्सव तथा कार्यक्रमको आयोजक सहआयोजक | | | | ५०००००। |
| ख. सि.नं. ३३ देखि ५७ सम्मको (संचालन खर्चको) कूल जम्मा रु. | | | ००।०० | ८०,४०,०००। | ८०४०००० | ९१,४४,०००। |
| ३३ | २२४११ | गाउपालिकाको विभिन्न ऐन, नियम र कार्यबिधि निर्माण | | ५०००००। | २५००००। | ५०००००। |
| ३४ | २२५११ | कर्मचारी तालिम | | ३०००००। | ३०००००। | ३०००००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | २२५१२ | उपभोक्ता समिति अभिमूखिकरण गोष्ठी | | २०००००। | २०००००। | २५००००। |
| ३६ | २२५१२ | राजश्व अभिबृद्धि तथा करदाता शिक्षा कार्यक्रम | | १५००००। | १५००००। | २५००००। |
| ३७ | २२५२२ | परिषद् किताब, नक्सा किताब लगायत विविध छपाई गर्ने | | ४०००००। | ७५००००। | ४०००००। |
| ३८ | २२५२२ | विभिन्न सफ्टेवर खरिद तथा जडान खर्च | | ००० | ००० | ६,००,०००। |
| ३९ | २२५२२ | पुस्तक तथा सामाग्री खरिद | | ५००००। | ५००००। | ५०,०००। |
| ४० | २२५२२ | विभिन्न जनचेतनामुलक सुचना एवं बिज्ञापन प्रकाशन तथा प्रशारण, एफ.एम. कार्यक्रम | | १५००००। | १५००००। | २०००००। |
| ४१ | २२५२२ | ग्रामिण स्वास्थ्य कार्यक्रम संचालन | | ८०००००। | ८०००००। | १०२५०००। |
| ४२ | २२५२२ | गा.पा ब्रोसर प्रकाशन | | १०००००। | ५००००। | १०००००। |
| ४३ | २२५२२ | खुल्ला दिशा मूक्त क्षेत्र घोषण कार्यक्रम | | ३०००००। | १०००००। | ००० |
| ४४ | २२५२२ | सुशासन प्रवर्द्धनात्मक कार्यक्रम (सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण) | | २०००००। | १०००००। | ३०००००। |
| ४५ | २२६१२ | भ्रमण खर्च (पदाधिकारी) | | २५००००। | २५००००। | ६०००००। |
| ४६ | २२७११ | पूरस्कार तथा सम्मान कार्यक्रम | | ५००००। | ५००००। | ५००००। |
| ४७ | २२७११ | योजना तर्जूमा सम्वन्धी वडा भेला कार्यक्रम | | १०००००। | १०००००। | १०००००। |
| ४८ | २२७११ | गाउसभा संचालन खर्च | | ५००००। | ५००००। | १०००००। |
| ४९ | २२७११ | गाउपालिका बार्षिक उत्सव | | ५००००। | ५००००। | ५००००। |
| ५० | २२७११ | लेखापरिक्षण खर्च | | ५००००। | ५००००। | ५००००। |
| ५१ | २२७११ | विभिन्न दिवस तथा समारोहको आयोजना तथा संचालन | | | | २०००००। |
| ५२ | २२७११ | पदधिकारी तथा कर्मचारी अध्ययन भ्रमण | | | | ३०००००। |
| ५३ | | गाउपालिका सडक यातायात गुरुयोजना निर्माण | | | | ५०००००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४ | | गा.पा. वस्तूगत विवरण अध्ययवधिक गर्ने | | | | ५०००००। |
| ५५ | | गा.पा आवधिक योजना निर्माण र मोवाईल एप्स | | | | ७५००००। |
| ५६ | | स्थानीय राजपत्र प्रकाशन | | | | २०००००। |
| ५७ | | न्यायिक समिति व्यवस्थापन | | | | २५००००। |
| ग. सि.नं. ५७ देखि ६१ सम्मको (कार्यक्रम खर्चको) कूल जम्मा रु. | | | ००।०० | ३७,५०,०००। | ३७५०००० | ७६,२५,०००। |
| ५८ | | विपद् व्यवस्थापन कोष | | ३००,०००।०० | ३००००० | ३०००००। |
| ५९ | | मर्मत संभार विशेष कोष | | ३००,०००।०० | ३००००० | ३०००००। |
| ६० | | महिला तथा बालबालिका विशेष कोष | | ३००,०००।०० | ३००००० | ३०००००। |
| ६१ | | कर्मचारी कल्याण कोष | | ३००,०००।०० | ३००००० | ३०००००। |
| घ. सि.नं. ५१ देखि ५४ सम्मको (विशेष कोष तर्फको) कूल जम्मा रु. | | | ००।०० | १२,००,०००। | १२००००० | १२,००,०००। |
| १. चालू खर्च (क, ख, ग र घ को जम्मा) कूल जम्मा रु. | | | ००।०० | ३,४०,३५,०००। | ३४०३५००० | ४,३९,६९,०००। |

# अनुसुचि ४

**आ.ब.०७५।७६ को लागि तेस्रो गाउसभावाट पारित सेवा शुल्क, कर तथा दस्तुरहरू दररेट**

**१. सेवा शुल्कः**

| सि.नं. | सेवाको किसिम | साविकको दर | दर (रु.) |
|---|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | | ५००। |
| २ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | | ३००। |
| ३ | अचल सम्पत्ति मूल्याकंन | मुल्याकन अंकको | ०.०५ प्रतिशत |
| ४ | रकम कलम उठाई दिएवापत सयकडा | | २। |
| ६ | हरेक निवेदन दर्ता शुल्क प्रतिगोटा | | १०। |
| ७ | मिलापत्र शुल्क (दुवै पक्षसग आधा आधा) | | ५००। |
| ८ | घर नम्वरि प्लेट प्रति गोटा | | १००। |
| ९ | टो.वि.स. दर्ता शुल्क/नविकरण | | १००। |
| १० | स्थलगत प्राबिधिक सेवा शुल्क | | १०००। |
| १२ | नागरिकता सिफारिस ञ | | २०० । |
| १३ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन | | २०० । |

## २. चार किल्ला प्रमाणित तथा सिफारीस दस्तुर

| | |
|---|---|
| पक्कि वाटो छोएको | ३००। |
| ग्रावेल वाटो | २५०। |
| कच्ची वाटो | २००। |
| गोरेटो वाटो | १५०। |
| वाटोले नछोएको | १००। |

| सि.नं. | सेवाको किसिम | शहरी क्षेत्र | |
|---|---|---|---|
| १ | घरवाटो साध सिमाना प्रमाणित | | |
| क) | पक्कि वाटो छोएको | ३००। | |
| ख) | ग्रावेल वाटो | २५०। | |
| ग) | कच्ची वाटो | २००। | |
| घ) | गोरेटो वाटो | १५०। | |
| | वाटोले नछोएको | १००। | |
| २ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | १००। | |
| ३ | घर कायम (पक्की घर) | ५००। | |
| ४ | घर कायम (कच्ची घर) | २००। | |
| ५ | घर नक्सा नामसारी पक्की (एकाघर) | ५००। | |
| ६ | घर नक्सा नामसारी पक्की (एकाघर नभएमा)) | १०००। | |
| ७ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | २००। | |
| ८ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | १००। | |
| ९ | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर (व्यवसायीक) | ३००। | |
| १० | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | ५००। (एक रोपनी भन्दा माथि प्र.रो थप रु.१००।) | |
| ११ | विद्युत जडानको सिफारिस दस्तुर | २००। | |
| १२ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | २००। | |
| १३ | बैदेशिक रोजगारको लागि सिफारिस | ५००। | |
| १४ | परिवार ल्याएको/लगेको सिफारिस | ३००। | |
| १५ | विवाह दर्ता सिफारिस (विदेशीसंग) | २०००। | |
| १६ | नाता प्रमाणित दस्तुर | २००। | |
| १७ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १०००। | |
| १८ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २००। | |
| १९ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | १०००। | |

| | | | |
|---|---|---|---|
| २० | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन | ३००। | |
| २३ | मोही नामसारी सिफारिस | २००। | |
| २४ | सम्बन्ध विच्छेदको सिफारिस | ३००। | |
| २५ | ठुला उद्योग स्थापनाको सिफारिस | ३०००। | |
| २६ | मझौला उद्योग स्थापनाको सिफारिस | २०००। | |
| २७ | साना तथा घरेलु उद्योगको सिफारिस | ५००। | |
| २८ | रुख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) | १००। | |
| २९ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | १००। | |
| ३० | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००। | |
| ३१ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | १०००। | |
| ३२ | अपुताली सिफारिस (नेपालको लागि) | १०००। | |
| ३३ | अपुताली सिफारिस (विदेशको लागि) | १५००। | |
| ३४ | व्यक्तिगत घटनादर्ता (जन्म,मृत्यु, विवाह, सम्बन्धविच्छेद, बराईसराई) प्रमाणित, सेवा शुल्क ३५ दिन देखि ७० दिन सम्म | ५०। | |
| ३५ | व्यक्तिगत घटनादर्ता (जन्म,मृत्यु, विवाह, सम्बन्धविच्छेद, बराईसराई) प्रमाणित, सेवा शुल्क ७० दिन पछि | १००। | |
| ३६ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २००। | |
| ३७ | अंग्रेजीमा सिफारीस | ५००। | |
| ३८ | अविवाहित प्रमाणिकरण, नाताप्रमाणित दस्तुर | २००। | |

**३. बहाल कर :**

(क गाउपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट २ (दुई) प्रतिशत वहालकर लिने ।

(ख) गाउपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु. २ देखि २० सम्म मासिक वहाल विटौरी लिने ।

## ४. सवारी कर : (नियम १४३ अनुसूची ११ साग सम्बन्धीत) सवारी दर्ता तथा वार्षिक सवारी कर :

| क्र.सं. | विवरण | रकम रू |
|---|---|---|
| क) | वस, ट्रक, लहरी टेक्टर आदि हेवी सवारी वार्षिक | रु. १०००। |
| ख) | भाडाका कार, जिप, माइक्रो वस वार्षिक | रु. ५००। |
| ग) | भाडाको टेम्पोमा वार्षिक | रु. ३००। |
| घ) | निजी कार, टेम्पो मिनिवस वार्षिक | रु. ३००। |
| ङ) | भाडाको मिनिवस वार्षिक | रु. ५००। |
| च) | पावरटेलर वार्षिक | रु. १५०। |
| छ) | ठेलागाडा, रिक्सा वार्षिक | रु २५। |
| ज) | जे.सि.वि. वार्षिक | रु ५,०००। |
| झ) | एक्सभेटर वार्षिक | रु १०,०००। |
| ञ) | एक्सभेटर २२० वार्षिक | रु १२,०००। |

## ४.१.१ कृषि तथा ग्रामिण सडक मर्मत संम्हार शुल्क

| क्र.सं. | विवरण | रकम रू |
|---|---|---|
| क) | डोजर, लोडर, जेसिवी ठुला उपकरण | रु.२००। |
| ख) | बस,ट्रक टेक्टर लहरी लगायत ठुला सवारी साधन | रु. १००। |
| ग) | माइक्रो/कार/जीप (भाडाका) | रु. ५०। |
| घ) | साना निजी सवारी साधन | रु. ३०। |

**५. मनोरञ्जन कर :** नियम १४५ अनुसूची १७ साग सम्बन्धीत)

(क) सिनेमाहल, भिडियोहल, सास्कृतिक प्रदर्शनहल, थ्रिएटर संगित तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्क मा रु. १। का दरले मनोरञ्जन कर लगाउने ।

(ख) जादु, सरकश, चटक, आदिमा प्रतिदिन रु. ४००।-, वा मासिक १०,०००। लगाउने ।

**६. व्यवसायिक भिडियोकर :** नियम १४६ अनुसूची १८ संग सम्बन्धीत)

क. गाउँ क्षेत्रभित्र संचालित व्यवसायिक केवुल व्यवसायमा वार्षिक रु. ५०००।००

**७. विज्ञापन कर :**

**विज्ञापन करको दर बार्षिक :**

१. ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. रु ५०।
२. वाल पेन्ट विज्ञापन प्रति व.फि. रु ५।
३. व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा रु ३००।

## ८. चार किल्ला प्रमाणित

| जग्गाको क्षेत्रफल | रू. |
|---|---|
| चार किल्ला प्रमाणित गर्ने | |
| पक्कि वाटो छोएको | ३००। |
| ग्रावेल वाटो | २५०। |
| कच्ची वाटो | २००। |
| गोरेटो वाटो | १५०। |
| वाटोले नछोएको | १००। |

## ९. घर नक्सा पास दस्तुर

| सि.नं. | विवरण | रकम रू. |
|---|---|---|
| १. | नक्सापास निवेदन फारम दस्तुर | रु.५०० |
| २. | पक्का घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर | रु. ४। |
| ३. | कच्ची घर पर्खाल  समेत प्रति वर्गफिट दस्तुर | रु. १ |
| ४. | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | रु. १०००। |
| ५. | गाउपालिका हुनु भन्दा अगाडी निर्माण गरेको नक्सापास गर्दा (मापदण्ड अनुरुप निर्माण भएको) भएमा मात्र) प्रति वर्ग फिट | रु.३ |
| ६. | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु परेमा एकमुष्ट | रु.१००० |
| ७. | नक्सा नामसारी तथा नवीकरण वापत | रु.१०००। |
| ८. | गा.पा. को अमिनबाट स्थलगत रुपमा गई व्यक्तिगत घर जग्गा नाप गरी चार किल्ला कायम गरेमा प्रति कित्ता | रु. १०००। |

*नोटः  घर नक्सा पास दस्तुरमा क वर्गको भुकम्प पिडित परिचय पत्रको आधारमा सम्बन्धीत व्यक्तिले आगामी आ.व.मा घर निर्माणका लागि अनुमति लिएमा कच्ची तथा पक्का कुनै एक घर (पर्खाल समेत) निर्माणमा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिइनेछ ।*

१०. एकिकृत सम्पत्ति कर :नेपालको संविधान २०७२ वमोजीम स्थानीय तहलाई प्राप्त अधिकार सुचीमा भएको व्यवस्था अनुसार स्वघोषणाको आधारमा एकीकृत सम्पत्ति कर आगमी आ.व. २०७५/७६ श्रावण १ वाट लागु गर्न चालु आ.व मा यस सम्वन्धि पुर्वाधार तयार गरिनेछ । वडास्तर देखि व्यापक छलफल गर्न तपोशिल वमोजिमको करका दरहरु प्रस्ताव गरिएका छन । करको दररेट :

### मुल्याकनको आधारहरु

**क. जग्गा तर्फ :**

मालपोत कार्यालय गोरखाले रजिष्ट्रेशन पास प्रयोजनको निमित्त यस गाउपालिका क्षेत्रमा निर्धारण गरेको न्युनतम दररेटबाट हुनआउने कुल मुल्याकनलाई आधार मानिने ।

**ख. घर तथा भौतिक संरचना तर्फः**

एकीकृत सम्पत्तिकर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुकको मूल्याकन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी गरिए बमोजिम हुनेछ ।

| प्रकार | दररेट (प्रतिवर्ग फिट) | ह्रासकट्टी दर प्रतिशत |
|---|---|---|
| आर सि. सि. फ्रेम स्टक्चर | १०००।०० | १ |
| सिमेन्ट जोडाइ इटा वा ढूंगाको गारो र आर सि.सि छाना भएका घरहरु : | ८००।०० | २ |
| माटोको जोडाइ इटा वा ढूंगाको गारो आर.सि.सि.छाना भएका घर : | ६००।०० | ३ |
| सिमेन्ट जोडाइ इटा,ढुगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु : | ६००।०० | २ |
| माटोको जोडाइ इटारढुगा वा ब्लकको गारो जस्ता छाना भएका घर : | ४००।०० | ३ |
| सिमेन्ट जोडाइमा इटा वा ढूगाको गारो भइ टायलको छाना भएका घरहरु : | ४००।०० | ३ |
| काठको घर | २००।०० | ५ |

**एकीकृत सम्पत्ति करको दर**

| क्र.सं. | मुल्याकन रकम (रू मा) | | | | एकीकृत स. कर (रू मा) वार्षिक |
|---|---|---|---|---|---|
| १ | रु. १ | देखि | ५ लाख | सम्म | १००। |
| २ | ५ लाख १ | देखि | १० लाख | सम्म | २०० । |
| ३ | १० लाख १ | देखि | १५ लाख | सम्म | ३००। |
| ४ | १५ लाख १ | देखि | २० लाख | सम्म | ४००। |
| ५ | २० लाख १ | देखि | ३० लाख | सम्म | ५००। |
| ६ | ३० लाख १ | देखि | ४० लाख | सम्म | ७००। |
| ७ | ४० लाख १ | देखि | ५० लाख | सम्म | १०००। |
| ८ | ५० लाख १ | देखि | ८० लाख | सम्म | २०००। |
| ९ | ८० लाख १ | देखि | १ करोड | सम्म | ३००० |
| १० | १ करोड १ | देखि | १ करोड ५० लाख | सम्म | ४००० |
| ११ | १ करोड ५१ लाख १ | देखि | २ करोड | सम्म | ५०००। |
| १२ | २ करोड १ | देखि | ३ करोड | सम्म | ८,००० |
| १३ | ३ करोड १ | देखि | ५ करोड | सम्म | १२,०००। |
| १४ | ५ करोड १ | देखि | माथिको मुल्यानमा | सम्म | प्रति हजार २ का दरले थप |

एककिृत सम्पत्तिकर निर्धारणका लागि करदाताले तोकीएको ढांचामा आफ्नो सबै सम्पत्तिको विवरण खुलाउनु पर्नेछ । करदाताले विवरण पेश गर्दा आफ्नो सबै सम्पत्तिको विवरण नखुलाई पेश गरि कर तिरेको पछी लुकाएको सम्पत्ति विवरण पुन पेश गरि कर तिर्न आएको पाईएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समाबेश गरि सम्पत्ति मूल्याकन गरि कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम बराबर जरीवाना थप गरि कर असुल गरिने छ ।

*नोट: एकिकृत सम्पत्ति कर सम्बन्धमा गाउसभाले निर्णय गरी लागु नगरेको अवधि सम्मको लागि मापलोत र घरजग्गा सम्पत्ती कर असुली गरिनेछ । जसको दर देहाय अनुसार हुनेछ ।*

**मालपोत**

| जग्गाको क्षेत्रफल | ईकाई | खेत | | | | पाखो जग्गा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चर | अब्बल | दोयम | सिम | चर |
| न्यूनतम दर | एकमुष्ट | २० | २० | २० | २० | २० | २० | २० | २० |
| २० रोपनी सम्म | प्रतिरोपनी | ८ | ६ | ४ | ४ | ६ | ५ | ४ | ३ |
| २० रोपनी देखि ४० रोपनी सम्म | | १० | ८ | ६ | ४ | ८ | ६ | ४ | ४ |
| ४० रोपनी भन्दा माथी | | १२ | १० | ८ | ६ | १० | ८ | ६ | ४ |

| घरको प्रकार | सम्पुर्ण गाउपालिका क्षेत्र |
|---|---|
| पक्की घर | २०० |
| कच्ची घर | १०० |
| फुसको घर | ५० |

*जरिवाना सम्बन्धी व्यवस्था : चालू आ.ब. भित्र नतिरेमा पहिलो वर्षको लागि २० प्रतिशत, दोस्रो वर्ष २५ प्रतिशत र चौथो वर्षवाट ३० प्रतिशत थप जरीवाना असुल उपर गरिने ।*

---

## १०. व्यवसाय कर : (नियम १४२ परिच्छेद ७, अनूसुची १० संग सम्बन्धीत) वार्षिक :

| क्र.स. | शिर्षक | शहरी क्षेत्र |
|---|---|---|
| १ | होटल, लज, रेष्टूरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान भण्डार, | |
| २ | क. मदिरा समेत विक्रि गर्ने होटल लज समेत | २००० |
| | ख. होटल, लज समेत | १५०० |
| | ग. मदिरा समेत विक्रि गर्ने होटल | १२०० |
| | घ. होटल मात्र | १००० |
| ३ | टेन्ट हाउस र क्याटरिङ | १००० |
| ४ | सूनचादी पसल | १००० |
| ५ | टेलरिङ व्यवसाय | |
| | क. कपडा पसल सहतिको टेलरिङ | १५०० |
| | ख. टेलरिङ | ५०० |
| ६ | सैलून | १००० |

| | | |
|---|---|---|
| | क) व्युटि पार्लर (तालिम समेत दिने) | १००० |
| | ख) व्युटि पार्लर पसल मात्र | ७०० |
| ७ | क) कम्प्यूटर बिक्री | १५०० |
| | ख) कम्प्यूटर मर्मत | ७५० |
| ८ | क) टि.भि., फ्रिज, बिक्री | १५०० |
| | ख) टि.भि., फ्रिज, मर्मत | ५०० |
| ९ | क) रेडीयो, मोबाईल, टेलिफोन क्यालकूलेटर, बिक्रि | ७५० |
| | ख) रेडीयो, मोबाईल, टेलिफोन क्यालकूलेटर,मर्मत | ५०० |
| १० | घडी, अडीयो तथा भिडीयो क्यासेट बिक्रि तथा मर्मत | ५०० |
| ११ | जूत्ता तथा चप्पल बिक्री | १००० |
| १२ | मालबस्तू तथा सेवाको थोक विक्रेता | |
| | ५ भन्दा बढी सामानहरुको डीलर | ५००० |
| | ३ भन्दा बढी ५ वटा सम्म सामानहरुको डीलर | ३५०० |
| | १ भन्दा बडी ३ वटा सम्म सामानको डीलर | २५०० |
| | एउटा मात्र सामानको डिलर | १५०० |
| १२ क | औषधि पसल (एलोपेथिक, होमोपेथिक, आयूर्वेदिक), चस्मा पसल | |
| | थोक बिक्रेता | २००० |
| | खूद्रा बिक्रेता | १००० |
| | साना खूद्रा बिक्रेता | ७५० |
| | चस्मा पसल | ५०० |
| १३ | नीजि अस्पताल तथा नर्सिङ होम | ४००० |
| १४ | किल्नीक तथा ल्याब | १५०० |
| | डेन्टल अस्पताल | १५०० |
| १५ | डेन्टल क्लिनिक | १००० |
| १६ | पान पसल | ५०० |
| १७ | लत्ता कपडा धूलाई तथा सरसफाई | |
| | ड्राई क्लीनर्स | ५०० |
| | धोबी | ३०० |
| १८ | सिनेमा हल (मनोरञ्जन कर) | |
| | क. दैनिक रुपमा सचालन हूने | ७००० |
| | ख. आशिक रुपमा सचालन हूने | ५००० |
| १९ | आर्ट व्यवसाय | |
| | कामदार राखि व्यवसाय गर्ने | ७५० |
| | आफै गर्ने | ५०० |
| २० | इलेक्ट्रीक सामानहरुको बिक्री | १००० |
| २१ | फोटो स्टूडीयो | |
| | कलर ल्याब फोटो स्टूडीयो | १५०० |
| | फोटो स्टूडीयो | १००० |
| २२ | धागो, टाक, फस्नर | ५०० |
| २३ | भाडा पसल | १५०० |
| २४ | गिफ्ट तथा कस्मेटीक पसल | १००० |
| २५ | प्लाई, सिसा, कार्पेट, फ्रेम आदि बिक्री | १५०० |

| | | |
|---|---|---|
| २६ | पेट्रोल पम्प | ५००० |
| २७ | ग्यास सिलिण्डर बिक्रेता | १००० |
| २८ | साईकल तथा रिक्सा मर्मत | ५०० |
| २९ | अटोमेकानिक्स तथा ईन्जिनियरिङ (बस, टेक्टर, मोटरसाईकल आदिको पार्टस बिक्री) तथा मर्मत | ४००० |
| ३० | लेथ सेक्सन तर्फ | २००० |
| ३१ | मोटर बडी बिल्डर्स | २००० |
| ३२ | टायर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत | ५०० |
| ३३ | मोटर साईकल सो रुम | २००० |
| ३४ | पशू/पंछी आहार उद्योग फिड्स | १५०० |
| ३५ | लेखा परीक्षक | |
| | क र ख श्रेणीलाई | १००० |
| | ग र घ श्रेणीलाई | ५०० |
| ३६ | बैक, फाईनान्स, वित्तिय सस्थाहरु तथा सहकारी बैक नाफामुलक) | |
| | क वर्गको बैक वा वित्तिय संस्था | ५००० |
| | ख वर्गको बैक वा वित्तिय संस्था | ४००० |
| | ग वर्गको बैक वा वित्तिय संस्था | ३००० |
| | घ वर्गको बैक वा वित्तिय संस्था | २००० |
| ३७ | पाउरोटी, बरफ, बिस्कूट तथा दालमोठ उद्योग | १००० |
| ३८ | निजि शिक्षालय सचालन तर्फ | |
| | क्याम्पस, मा.वि. | १०००० |
| | आधारभूत र प्रा.वि. | ३००० |
| ३९ | ब्लक, रिङ, टायल र तारबार पोल उद्योग | १५०० |
| ४० | पोलिथिन पाईप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग | ३००० |
| ४१ | मैनबत्ति तथा अगर बत्ति उद्योग | २०० |
| ४२ | मसला उद्योग | ५०० |
| ४३ | परामर्श सेवा | |
| | इन्जीनियरिङ | २००० |
| | शैक्षिक | १५०० |
| | अन्य परामर्श सेवा | १००० |
| ४४ | किराना पसल | |
| | किराना थोक बिक्रेता | २५०० |
| | किराना खूद्रा बिक्रेता | १५०० |
| | किराना साना बिक्रेता | १००० |
| ४५ | मादल मर्मत तथा बिक्री | २०० |
| ४६ | सिरक डसना बिक्री | १००० |
| ४७ | हुयुम पाईप, विद्यूत पोल उद्योग | १०,००० |
| ४८ | झोला तयारी गर्ने उद्योग | ५०० |
| ४९ | कन्फेक्सनरी उद्योग | १००० |
| ५० | डेरी उद्योग (दूग्ध तथा दूग्ध सम्बन्धि अन्य) व्यवसाय | १००० |
| ५१ | फर्निचर उद्योग, फर्निचर सो रुम, समिल | २००० |
| ५२ | फर्निचर उद्योग/सोरुम | १५०० |

| | | |
|---|---|---|
| ५३ | ग्रील सटर उद्योग | १५०० |
| ५४ | मिल (कूटानि, पिसानि, पेलानि(सेलर), होलर, तेल, चिउरा आदि | |
| | कूटानी पिसानी | १५०० |
| | कूटानी | १००० |
| ५५ | कूखूरा पालन | |
| | १००० देखि माथी | १००० |
| | १००० वटा सम्म | ५०० |
| ५६ | माछा, मासू पसल | १००० |
| ५७ | तरकारी, फलफूल तथा साग सब्जी पसल | ५०० |
| ५८ | अण्डा बिक्री | १००० |
| ५९ | छाला सकलन तथा बिक्री | १५०० |
| ६० | इट्टा बिक्री डिपो तथा संकलन केन्द्र | ३००० |
| ६१ | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु | १००० |
| ६२ | हार्डवेयर्स पसल | २००० |
| ६३ | चिम्नी उद्योग (इटा भट्टा) | ५००० |
| ६४ | मेटलको भाडा बनाउने व्यवसाय | ५०० |
| ६५ | पुस्तक, स्टेश्नरी तथा खेलकुदका सामानहरुको बिक्री | १००० |
| ६६ | केवूल प्रसारण | ३००० |
| ६७ | फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्यान्डीङ, कूरियर | १००० |
| ६८ | कम्प्यूटर, ड्राईभिङ तथा अन्य ईन्ष्टीच्यूट | १००० |
| ६९ | कपडा पसल/फेन्सि पसल | १००० |
| ७० | छापाखाना तथा कपि, किताब उद्योग | २००० |
| ७१ | डिजिटल छापाखना | १००० |
| ७२ | साईबर, नेट, फोन सेवा (कम्यूनिकेसन सेवा) क श्रेणी | १००० |
| ७३ | निर्माण व्यवसायी | |
| | क श्रेणी | ५००० |
| | ख श्रेणी | ३००० |
| | ग श्रेणी | २००० |
| | घ श्रेणी | १००० |
| ७४ | रासायनिक मल, विउ विजन, किटनाशक औषधि बिक्री | १००० |
| ७५ | भिडीयो मिक्सीङ्ग, | १००० |
| ७६ | क. मदीरा थोक बिक्री | ३००० |
| | ख. मदीरा खूद्रा बिक्री | १५०० |
| ७७ | ट्युसन सेन्टर | ७५० |
| ७८ | बेरिङ रिपेरिङ तथा बिक्री | ७५० |
| ७९ | मेशीनरी सामान बिक्री (मोटर, जेनेटर आदि क श्रेणी | २००० |
| | मेशीनरी सामान बिक्री (मोटर, जेनेटर आदि ख श्रेणी | १५०० |
| ८० | पंखा कृषि मोटर मर्मत | ७५० |
| | रेमिटेन्स सेवा | १००० |
| ८१ | कवाडी ब्यबसाय | २००० |
| ८२ | मोविल, ग्रिज बिक्री | १००० |

| | | |
|---|---|---|
| ८३ | टूर्स एण्ड ट्राभल | १००० |
| ८४ | कूरियर तथा कार्गो सेवा | १००० |
| ८५ | गिटी, बालूवा, ढूगा लगायत निर्माण सप्लाई | ३००० |
| ८६ | भेटेरेनरी सेवा | ७५० |
| ८७ | चिया पसल | ५०० |
| ८८ | कार्यालय हल भाडा | ३०० |
| ८९ | जडिबूटी वनजन्य उद्योग (खोटो लगायत) | १५०० |
| ९० | विभिन्न कल्याणकारी संघ संस्था दर्ता | १००० |

*नोटः माथि उल्लेखित हुन छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसंग मेल खाने किसिमको दरमा रु. १००। देखि ५०००।सम्म लिने ।*

## ११. जरिवाना/पुरस्कार

क) यस गाउपालिकाको अनुमति नलिई वा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिची भवन निर्माण गरेको वा गरिरहेको ठहरिएमा दश हजार रुपैया जरिवाना गरी सो वापतको जरिवाना रकम असुल भएपछि त्यसको २० प्रतिशत रकम सुराकी दिने व्यक्तिलाई पुरस्कार स्वरुप प्रदान गरिने ।

## १२. भाडा

क. हल भाडा प्रोजेक्टर सहित दिनको रु १,५००।००
ख. हल भाडा प्रोजेक्टर बाहेक दिनको रु. १,०००।००

## १३. निकासी कर

क) निजि खानिको ढुङ्गा, वालुवा, गिटी निकासी प्रति ट्रिप १०००।००
ख) जडिवुटि खोटो हाड सिंङ खुर कवाडी सामान निकासीमा लाग्ने दस्तुर देहाय वमोजिम हुनेछ ।
ग) दहत्तर वहत्तर संकलन निकासी वापत लाग्ने दस्तुर देहाय वमोजिम हुनेछ ।

## १४. विक्रिवाट हुने आय

यस गाउपालिका क्षेत्र भित्रका नदिजन्य तथा खानी जन्य वस्तुहरु ढुङ्गा, वालुवा, गिटी, माटो तथा अन्य प्रकृतिक स्रोतको विक्रिको दररेट निम्ननुसार हुनेछ ।

क) माटो प्रति घनमिटर रु १००।-
ख) ढुङ्गा, वालुवा, गिटी प्रति घनमिटर रु ३००।-

## १५. जरिवाना

यस गाउपालिकालाई तिर्नु बभ्काउनु पर्ने कुनै पनि कर, शुल्क, भाडा वा यस्तै प्रकृतिका कुनै पनि दायित्व चालू आ.व. भित्र नतिरेमा/नबुभ्काएमा पहिलो वर्षको लागि २० प्रतिशत, दोस्रो वर्ष २५ प्रतिशत र चौथोबाट ३० प्रतिशत थप जरिवाना समेत असुल उपर गरिने निर्णय गरियो ।

# गण्डकी गाउँपालिका पदाधिकारीहरूको विवरण

| क्र स. | पद | नाम | वडा नं. | राजनितिक दल | मोवाईल नम्वर |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | होम वहादुर राना मगर | ६ | नेपाली कांग्रेस | ९८५६०४०१०० |
| २ | उपाध्यक्ष | ललिता अधिकारी | १ | नेपाली कांग्रेस | ९८४६०७०४४९ |
| ३ | वडा अध्यक्ष | गिर वहादुर गरुङ | १ | माओवादी केन्द्र | ९८४६२५६४९२ |
| ४ | महिला सदस्य | निर्मला थापा श्रेष्ठ | १ | माओवादी केन्द्र | ९८४३९३६५३७ |
| ५ | दलित महिला सदस्य | मिना सुनार | १ | माओवादी केन्द्र | ९८१२२७३१३० |
| ६ | सदस्य | रुन्चि माया राई | १ | माओवादी केन्द्र | ९८१९१२१९१४ |
| ७ | सदस्य | मिन वहादुर सुनार | १ | माओवादी केन्द्र | ९८१११५८८८४ |
| ८ | वडा अध्यक्ष | देउ वहादुर गुरुङ | २ | नेपाली कांग्रेस | ९८१८७९९६८७ |
| ९ | महिला सदस्य | लक्ष्मी लामीछाने धमला | २ | नेपाली कांग्रेस | ९८१६११३०४० |
| १० | दलित महिला सदस्य | शुसिला मग्रती नेपाली | २ | नेपाली कांग्रेस | ९८१९१६८२९६ |
| ११ | सदस्य | चेत वहादुर थापा | २ | नेपाली कांग्रेस | ९८०६६०७८८२ |
| १२ | सदस्य | भरत प्रसाद पन्त | २ | नेपाली कांग्रेस | ९८१३४८१४२७ |
| १३ | वडा अध्यक्ष | नवराज श्रेष्ठ | ३ | नेपाली कांग्रेस | ९८०६७६६१९२ |
| १४ | महिला सदस्य | गीता दाहाल | ३ | नेपाली कांग्रेस | ९८०६५३१३४६ |
| १५ | दलित महिला सदस्य | सेतिमाया परियार | ३ | नेपाली कांग्रेस | |
| १६ | सदस्य | डण्ड पाणी पन्त | ३ | नेपाली कांग्रेस | ९८४५१४१३२९ |
| १७ | सदस्य | सेर वहादुर श्रेष्ठ | ३ | नेपाली कांग्रेस | ९८४११८८८०४ |
| १८ | वडा अध्यक्ष | नर वहादुर पाण्डे | ४ | नेपाली कांग्रेस | ९८२३१८७१८७ |
| १९ | महिला सदस्य | जुनमाया श्रेष्ठ | ४ | नेपाली कांग्रेस | ९८०८५८१३८६ |
| २० | दलित महिला सदस्य | पम्फा सार्की | ४ | नेपाली कांग्रेस | ९८२३२६७८७८ |
| २१ | सदस्य | गगन वहादुर गुरुङ | ४ | नेपाली कांग्रेस | ९८१००६३४८१ |
| २२ | सदस्य | हस्तराज भण्डरी | ४ | नेपाली कांग्रेस | ९८१००७३३५५ |
| २३ | वडा अध्यक्ष | जस वहादुर सिं थापा | ५ | नेपाली कांग्रेस | ९८०८०१५५५० |
| २४ | महिला सदस्य | मनमाया गुरुङ | ५ | माओवादी केन्द्र | ९८०४२९६०९४ |
| २५ | दलित महिला सदस्य | कल्पना सुन्दास | ५ | माओवादी केन्द्र | ९८१६६३२८५६ |
| २६ | सदस्य | ओम वहादुर थापा | ५ | माओवादी केन्द्र | ९८४४०६१५६४ |
| २७ | सदस्य | घन वहादुर थापा | ५ | माओवादी केन्द्र | ९८१५१७०६४९ |
| २८ | वडा अध्यक्ष | जीवन गुरुङ | ६ | माओवादी केन्द्र | ९८४५०५७३८७ |
| २९ | महिला सदस्य | रिममाया थापा मगर | ६ | माओवादी केन्द्र | ९८६९६९८७७१ |
| ३० | दलित महिला सदस्य | सविना सुनार | ६ | माओवादी केन्द्र | ९८६०३३३८०५ |
| ३१ | सदस्य | छवीलाल श्रेष्ठ | ६ | माओवादी केन्द्र | ९८४६८९६०५६ |
| ३२ | सदस्य | भिम वहादुर प्रजा | ६ | माओवादी केन्द्र | ९८०७१५७२५४ |
| ३३ | वडा अध्यक्ष | तुलसी रेग्मी | ७ | माओवादी केन्द्र | ९८०८४१३५४४ |
| ३४ | महिला सदस्य | मिरा रेग्मी कट्टेल | ७ | माओवादी केन्द्र | ९८०८०५१४०८ |
| ३५ | दलित महिला सदस्य | संगिता सुनार | ७ | माओवादी केन्द्र | ९८०४१७६७२६ |
| ३६ | सदस्य | केदार सिं गुरुङ | ७ | माओवादी केन्द्र | ९८१९१३११८० |
| ३७ | सदस्य | गम वहादुर मगर | ७ | माओवादी केन्द्र | ९८०३५७३७४० |
| ३८ | वडा अध्यक्ष | रामप्रसाद रेग्मी | ८ | माओवादी केन्द्र | ९८१०२५४६३६ |
| ३९ | महिला सदस्य | लक्ष्मी सुनार | ८ | माओवादी केन्द | ९८०३५७३७९३ |
| ४० | दलित महिला सदस्य | मैया नेपाली | ८ | माओवादी केन्द | ९८१३८१२०३४ |
| ४१ | सदस्य | राजन खड्का | ८ | नेपाली कांग्रेस | ९८५६०४०६१७ |
| ४२ | सदस्य | राजेन्द्र माझी | ८ | माओवादी केन्द | ९८०८२९८१९७ |
| ४३ | कार्यपालिका सदस्य | पहलमान वयलकोटी | | माओवादी केन्द | ९८०१०७८९४२ |
| ४४ | कार्यपालिका सदस्य | भगवती चेपाङ | | माओवादी केन्द | ९८६७६०३९२२ |

# गण्डकी गाउँपालिकामा कार्यरत कर्मचारीको विवरण

| क्र.सं | कर्मचारीको नाम थर | पद | तह/श्रेणी | स्थायी ठेगाना | पुर्ति | रिक्त | सम्पर्क नं. | इमेल ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यरत मिति | रिक्तमिति | | | |
| १. | देवराजचौलागाई | प्र.प्र.अ. | रा.प.तृतिय | हेटौडा | २०७४/११/८ | | ९८५५०६८४६४ | debrchaulagain@gmail.com | स्थायी |
| २. | तुलसी घिमिरे | ईन्जिनियर | अधिकृत छैटौ | गण्डकी गा.पा७ | २०७४/१०/१ | | ९८५५०८०८४० | | करार |
| ३. | शेखर वावु श्रेष्ठ | सव-इन्जिनियर | सहायकपाचौ | गण्डकी गा.पा ५ | २०७४/१०/१ | | ९८४६२१७१८१ | | करार |
| ४. | विष्णु प्रसाद घिमिरे | ना.सु | सहायकपाचौ | गो.न.पा | २०७५/४/१ | | ९८४६१२५३६८ | | स्थायी |
| ५. | जीवनपौडेल | लेखापाल | रा.प.अनं प्रथम | स्याङ्जा | २०७५/३/२७ | | | | स्थायी |
| ६. | सुर्य प्रसाद वराल | वडा सचिव | रा.प.अनं प्रथम | | | | | | स्थायी |
| ७. | हरि वहादुर सुनार | वडा सचिव | रा.प.अनं प्रथम | रोराङ गा.पा | | | ९८५६०४००८६ | | स्थायी |
| ८. | सोमलालतिवारी | वडा सचिव | रा.प.अनं द्धितिय | पोखरा | | | | | स्थायी |
| १०. | कृष्ण कुमार यादव | वडा सचिव | रा.प.अनं द्धितिय | | | | | | स्थायी |
| ११. | दिलमाया के.सी | प्रशासनशाखा/राजश्वशाखा | रा.प.अनं द्धितिय | वेशिसहर नगरपालिका वडा नं. ९ | | | ९८४६१९१३१६ | | स्थायी |
| १२ | राजेन्द्र प्रसाद चापागाई | सह लेखापाल | रा.प.अनं द्धितिय | | | | ९८४६७३७६१६ | | |
| १३. | उदय प्रसादअधिकारी | ज.स्वा.अ. | अधिकृत सातौ | गण्डकी १ | २०७४/४/२ | | ९८४६०५६७५४ | | स्थायी स्वास्थ्यशाखा |
| १४. | शंकर वावु दुवाडी | सि.अ.हे.व. | अधिकृत छौटौ | रोराङ ७ | २०७४/४/१ | | ९८४१५७२७७५ | | स्थायी स्वास्थ्यशाखा |
| १५. | अशोक कुमार झा | कविराजनिरिक्षक | अधिकृत छौटौ | दुर्गा भगवतिगा.पा. ३ | | | ९८४१०४५१०७ | | स्थायीआयुर्वेद शाखा |
| १६ | ऋषिराम मरहट्टा | पशु सेवाप्राविधिक | | प.न.पा २ | | | ९८४६०७४८६८ | | स्थायीपशु सेवाशाखा |
| १७ | ऋषि रोका | कृषि सेवाप्राविधिक | | | | | ९८४६२५५८८५ | | स्थायी कृषि सेवाशाखा |
| १६. | सुकु माया राना | स.म.वि.नि | रा.प.अनं द्धितिय | वौदिकालिका २ | २०७५/५/२५ | | ९८४६०९८५०१ | | स्थायी महिला तथा बालबालीका शाखा |
| १७. | यदु प्रसाद अधिकारी | श्रोत व्यक्ति | मा.वि. द्धितिय | गण्डकी १ | | | | | स्थायी शिक्षा शाखा |
| १८. | दिपक बाबु श्रेष्ठ | श्रोत व्यक्ति | मा.वि. द्धितिय | गण्डकी ४ | | | | | स्थायी शिक्षा शाखा |
| १९. | मनिषा गुरुङ | सूचना प्रविधि अधिकृत | | गण्डकी ८ | | | | | करार |
| २०. | राम बहादुर थापा | कार्यलय सहायक | | गण्डकी ६ | | | | | स्थायी पशुसेवा शाखा |
| २१. | जगत नारायण श्रेष्ठ | कार्यलय सहायक | | गण्डकी ६ | | | | | करार |

# सम्पूर्ण गाउँवासीहरूमा

# अनुरोध

१. गाउँको विकासमा सकारात्मक सहभागिता जनाउने र गाउँपालिकालाई स्वच्छ, हराभरा कायम राख्न सहयोग गरौं ।

२. घर, आँगन, सडक पेटी, सफा राखौं । पाटी पौवा र पोखरीहरूको संरक्षण र संवर्द्धन गरौं ।

३. वातावरणमैत्री गाउँ बनाउन प्रतिबद्ध बनौं ।

४. जेष्ठ नागरिक, एकल महिला एंव अपांगता भएका व्यक्तिहरूका लागि वितरण गरिने भत्ता तथा अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरूपयोगमा खबरदारी गरौं ।

५. जन्म, मुत्यु, बसाइँसराइ, विवाह र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटनाहरूको दर्ता ३५ दिनभित्रै आफूले पनि गरौं, अरूलाई पनि गर्न प्रेरित गरौं ।

६. गाउँक्षेत्र तपाईहरूकै हो । यसलाई बनाउन आफ्नो तर्फबाट सकेजति सहयोग गरौं ।

७. गाउँपालिका कार्यालयमा तिर्नुपर्ने कर समयमै तिरौं ।

**गण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुम्लीचोक, गोरखा**